# परिच्छेद एक

# परिचय

## अध्ययनको पृष्ठभूमि

भाषा मानवीय विचार विनिमयको सशक्त माध्यम हो । मानिसका मनमा रहेका विचार, भावना, अनुभव र अनुभूतिको प्रकटीकरण र अरुबाट प्रकट भएको विचार भावना, अनुभव र अनुभूतिको ग्रहण गर्ने कार्यमा भाषाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । भाषा सिङ्गो मानव समुदायको परिचय गराउने मुख्य साधन हो । नेपालको राष्ट्रिय भाषाको रूपमा रहेको नेपाली भाषा सम्पूर्ण नेपालीहरूको विचार आदान-प्रदानको प्रमुख भाषा वन्न पुगेको छ । वर्तमान समयमा धेरै जसो संस्थागत विद्यालयहरूमा अङ्ग्रेजी भाषालाई माध्यम भाषा बनाइएको पाइन्छ तर नेपाली भाषा नेपालको राष्ट्र भाषा, सरकारी तथा कार्यलयीय कामकाजको भाषा, जनसम्पर्कको साझा माध्याम भाषा भएको कारणले नेपाली भाषा पढ्न बुझ्न र जान्नका लागि आवश्यक रहेको देखिन्छ । नेपाली भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा स्थान दिइँदै यसलाई निरन्तरता दिनुपर्ने आवश्यक समेत देखिन्छ ।

शिक्षाको माध्यम भाषाका रूपमा नेपाली भाषालाई स्थान दिइएकोले कक्षा १ देखि स्नातक तह सम्मनै नेपाली विषयलाई अनिवार्य विषयको रूपमा अध्यापन गराउँदै आएको पाइन्छ । भाषा शिक्षण भनेको सीपको शिक्षण हो । भाषाशिक्षण गर्दा विषयवस्तु गौण हुन्छ भने भाषिक सीप प्रमुख हुन्छ । भाषा शिक्षण गर्दा भाषाका चारैवटा सीपहरू सुनाइ बोलाइ पढाइ, लेखाइलाई उत्तिकै महत्त्व दिएर शिक्षण गर्नुपर्छ । भाषासँग सम्वन्धित यिनै चारवटा सीपहरूको विकास गराउनका लागि विद्यालय तहका कक्षा १ देखि १० सम्मका नेपाली पाठ्यपुस्तकमा विभिन्न विधा तथा उपविधाहरूका पाठहरू समावेश गराउँदै आएको पाइन्छ । यिनै विधा तथा उपविधाहरू मध्ये रूपक विधा पनि एक हो ।

रूप+अक संस्कृत भाषाबाट नेपाली भाषामा आएको रूपक शब्द 'रूप' धातुमा 'अक' प्रत्यय लागेर निर्माण भएको शब्द हो । 'रूप' धातुमा 'एलुव' प्रत्यय लागेर त्यस स्थानमा 'अङ्क' आदेश हुँदा रूपक शब्द वन्दछ, (उपाध्याय, २०२६, रिजाल, २०७४ पृ.१ उद्धृत) । संस्कृत साहित्यमा रूपक शब्दको अर्थ दृश्य साहित्यसँग सम्बन्धित छ । पूर्वीय आचार्य भरतमुनि तथा आचार्य विश्वनाथले रूपकका दश भेद सहित अठार उपभेदको उल्लेख गरेका छन् (ऐ, २०५९ : ६२) । जसमा नाटक, प्रकरण, भाण, व्यायोग, समवकार,

डिम ईहामृग, अङ्क, वीथी, र प्रहसन गरी दश भेदहरू रहेका छन् भने अठार उपभेदहरूमा नाटिका, त्रोटक, गोष्ठी, सट्टक, नाट्य रासक, प्रस्थानक, उल्लाप्य, काव्य प्रेण, रासक, संलापक, श्रोगादित, शिल्पक, विलासिका, दुर्मल्लिका, प्रकारणिका, हल्लीश, भाणिका पर्दछन् । ऐ, २०५९ ६२) । यसरी साहित्यका विविध विधाहरूमध्ये रूपक विधा एक महत्त्वपूर्ण विधा हो । रूपक विधा श्रव्य पाठ्यका अतिरिक्त दृश्य तत्त्व पनि रहेको हुन्छ । यसर्थ रूपक विधालाई पढेर, सुनेर अनि अभिनयलाई हेरेर पनि ग्रहण गर्न सकिन्छ । भाषाको प्रयोग गर्दा सुनाइ र बोलाइका क्रममा ध्वनिको उच्चारणका अतिरिक्त मुखमुद्रा, हाउभाउ, अङ्ग परिचालन जस्ता भाषेत्तर पक्षहरूको प्रयोग गर्नु आवश्यक ठानिन्छ । भाषेत्तर पक्षको प्रयोग यिनै रूपक विधाको क्रममा आउने भएकाले भाषा शिक्षणमा रूपक विधाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

पूर्वीय साहित्यमा रूपकको स्थानमा नाट्य शब्दको प्रयोग भएझै पाश्चात्य साहित्यमा पनि नाटकलाई अभिनय काव्य नै मानिन्छ । पूर्वीय आचार्यहरूले दृश्यकाव्यलाई रूपक वा नाट्य भने झै पश्चिमी साहित्यमा पनि 'ट्रेजेडी' र 'कमेडी' दुवै थरी नाटकलाई प्ले अथवा ड्रामा शब्दको प्रयोग गरेको पाइन्छ (ऐ २०५९ ६७) । रूपक विधा अभिनयात्मक विधा भएकाले शिक्षकले शिक्षण गर्दा धेरै अभ्यास गरी सोही अनुरूप विद्यार्थीहरूलाई अभ्यासका लागि पुनर्वल प्रदान गर्नुपर्दछ । अर्काको व्यवहार, रूपाकृति, चरित्र, स्वभाव, आनीवानी अनुकरण आदि विशेषताहरूको दृश्य श्रव्यात्मक रूपमा प्रस्तुत गर्नुलाई रूपक भनिएको छ (अधिकारी, २०५० . १६९) । त्यसैले रूपकलाई पात्रले परिस्थिति, अवस्था, विषयवस्तु र व्यक्ति विशेषलाई ध्यानमा राखेर हाउभाउ सहित आफ्नो भूमिका निर्वाह गर्दछ । कुनै पनि विषयवस्तु वा घटनालाई हाउभाउद्वारा प्रदर्शन गरिने गरी तयार गरिएको रचनालाई रूपक भनिन्छ (अधिकारी, २०७२ - १४८) ।

रूपक विधा अभिनयात्मक विधा भएकाले अभिनयकै माध्यमबाट विद्यार्थीहरूमा भाषिक सीप विकास गराउँदछ । अभ्यासद्वारा नै सिकारुले सीपहरू हाँसिल गर्न सक्दछन् भन्ने भनाइ व्यवहारवादीहरूको रहेको पाइन्छ । रूपक विधा शिक्षण गर्दा पनि अभ्यास पुनर्वल तथा अङ्ग सञ्चालनको आवश्यकता पर्दछ । यसकारण रूपक विधा शिक्षण गर्न विद्यार्थीहरूमा भाषिक सीप विकास गराउनका साथै अभिनय कलामा समेत अभ्यस्त

वनाउनका निम्ति रूपक विधा अत्यन्तै महत्त्वपूर्ण रहेको छ, त्यसैले यस विधालाई विद्यालयको आधारभूत तहदेखि नै पाठ्यपुस्तकमा समेटिँदै ल्याएको पाइन्छ ।

पूर्वीय आचार्यहरूको समय देखि नै चर्चा परिचर्चा हुँदै तथा वि.स. २०२८ अघिका पाठ्यपुस्तकमा समावेश गरी अध्ययन अध्यापन गरिदै आएको रूपक विधा आज पनि महत्त्वपूर्ण विधाको रूपमा चिनिएको छ । भाषिक सीप तथा अभिनय कलालाई पनि विशेष जोड दिने भएकाले रूपक विधालाई विद्यार्थीको रुचि आवश्यकता, स्तर, क्षमतालाई ख्याल गरी पाठ्यपुस्तकमा समेटिनु आजको आवश्यकता समेत रहेको देखिन्छ ।

**समस्या कथन**

कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधाहरू मध्ये रूपक विधा पनि एक महत्त्वपूर्ण विधा हो । रूपक विधा शिक्षणको माध्यमबाट विद्यार्थीहरूमा कथ्य अभिव्यक्ति क्षमताको विकास गराउनका साथै सुनाइ सीपको विकासमा समेत उपयोगमा ल्याउन सकिन्छ । रूपक विधाअन्तर्गत वादविवाद, संवाद, मनोवाद, वक्तृत्व, नाटक, एकाङ्की, प्रहशन, प्रकरण आदि पर्दछन् (उपाध्याय, २०२६ ६७) । विशेषगरी बोलाइ सीप तथा अभिव्यक्ति कलामा जोड दिने भएकाले विद्यालय तहका पाठ्यपुस्तकहरूमा रूपक विधालाई महत्त्वपूर्ण स्थान दिएको पाइन्छ । रूपक शिक्षणको माध्यमबाट विद्यार्थीहरूमा वक्तृत्व, संवाद, छलफल जस्ता अभिव्यक्ति सुन्न, तिनमा भाग लिन र त्यहाँ प्रस्तुत भएका विचारहरू पहिचान गर्न, उद्देश्यमूलक सूचना र विषयवस्तुको बारेमा प्रतिक्रिया व्यक्त गरी व्याख्या विश्लेषण गर्न उपरोक्त ढाँचामा वादविवाद, संवाद, मनोवाद, लेखन आदि भाषिक सीपको अभिवृद्धि गराउनमा सहयोग पुग्छ । यो शोधकार्य कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाहरू पाठ्यक्रम अनुरूप छन् छैनन ? रूपक विधाहरू विद्यार्थीहरूका शैक्षिक र मनोवैज्ञानिक पक्ष अनुरूप उपयुक्त छन् छैनन् ? रूपक विधाहरूबाट भाषा सिकाइमा कतिको सहयोग पुगेको छ ? रूपक विधाहरूमा के कस्ता कमजोरीहरू छन् ? भन्ने जस्ता सवालहरूको अध्ययन तथा विश्लेषणमा प्रस्तुत शोध केन्द्रित रहेको छ ।

**अध्ययनको उद्देश्य**

यस शोधकार्य निम्नलिखित उद्देश्यमा केन्द्रित भई अघि वढ्ने छ

क) कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधा पाठहरूको पाठ्यक्रम

अनुरूपताका आधारमा विश्लेषण गर्नु,

ख) रूपक विधाबाट भाषीक सीपविकासमा पुग्ने सहयोगको विश्लेषण गर्नु,

ग) यी रूपक विधाको विद्यार्थीका शैक्षिक र मनोवैज्ञानिक पक्ष अनुरूपताको विश्लेषण गर्नु,

घ) रूपक विधामा देखिने सबल तथा दुर्बल पक्ष पत्ता लगाई कमीकमजोरीहरू हटाउन आवश्यक उपायहरू सुझाउनु ।

**अनुसन्धानात्मक प्रश्नहरू**

यस शोधका अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसार रहेका छन्

क) कक्षा १० मा समाविष्ट रूपक पाठहरूको पाठ्यक्रम अनुरूपताका आधारमा छ छैन ?

ख) रूपक विधाबाट भाषा सिकाइमा के-कस्तो सहयोग प्राप्त हुन्छ ?

ग) रूपक बिधाबाट विद्यार्थीका शैक्षिक र मनोवैज्ञानिक पक्षको विकासमा कसरी सघाउ पुऱ्याउँछ ?

घ) रूपक विधामा के कस्तो सबल र दुर्बल पक्ष रहेका छन् ?

ङ) रूपक विधामा देखिने कमी कमजारीहरू हटाउन के कस्ता उपायहरू अपनाउन सकिन्छ ?

**अध्ययनको महत्त्व**

भाषा पाठ्यपुस्तकमा रूपक विधालाई समावेश गर्नुको मूल उद्देश्य अभिव्यक्ति क्षमताको विकास गराउने भएता पनि यसबाट भाषाका चारवटै सीपको विकास गराउन सकिन्छ । वोध अभिव्यक्ति क्षमताका साथै शब्दभण्डार वृद्धि, शुद्धोच्चारण क्षमता, लेखनकला तथा सृजनात्मक क्षमताको विकास तथा वर्णविन्यास, व्याख्या, विवेचना, सारांश व्याकरण जस्ता विभिन्न पक्षको समेत जानकारी दिने भएकाले भाषा पाठ्यपुस्तकमा रूपक विधाको अध्ययन गर्नु महत्त्पूर्ण देखिन्छ ।

हालैमात्र संशोधित माध्यमिक तह कक्षा १० को पाठ्यक्रम अन्तर्गत नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको पाठ्यक्रम अनुरूपताको आधारमा गरिएको विश्लेषण सम्वन्धी शोध यस अघि कही कसैबाट पनि नभएको हुँदा औचित्यपूर्ण रहेको छ ।

यस नवीन शोधले कक्षा १० को नेपाली पाठ्यपुस्तक २०७४ मा समाविष्ट रूपकहरू पाठ्यक्रम अनुरूप छनोट भएका छन् छैनन् ? रूपक विधाका पाठहरू भाषिक सीप विकासमा कतिको उपयोगी छन् ? भन्ने कुराको पनि खोजी गरिएको छ । मूलतः यो शोध रूपक विधाले विद्यार्थीको शैक्षिक तथा मनोवैज्ञानिक पक्षको विकासमा कसरी सहयोग पुऱ्याउँछ ? रूपक विधामा के-कस्ता कमजोरी छन् र ती कमीजोरीहरू हटाउन कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ? भन्ने जस्ता प्रश्नको जवाफ प्राप्त गर्न सहयोगी रहेको छ । यसर्थ यस शोधले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्मातालाई संशोधन परिमार्जन तथा परिवर्तन गर्न र नयाँ निर्माण गर्नका लागि पृष्ठपोषण प्राप्त हुन्छ । त्यस्तै पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रत्यक्ष रूपमा प्रयोग गर्ने शिक्षक तथा विद्यार्थी र सम्पूर्ण पाठक वर्गका लागि समेत यो शोध उपयोगी रहेको छ । भावी अध्ययनकर्ताहरूले रूपक विधाका जुनसुकै क्षेत्रमा अध्ययन अनुसन्धान गरेता पनि यस अनुसन्धानबाट फाइदा पुग्ने भएकाले प्रस्तुत अध्ययन महत्त्वपूर्ण हुने देखिन्छ ।

**अध्ययनको परिसीमा**

यस शोधपत्रका निम्नलिखित सीमामा रहेर अध्ययन गरिएको छ :

क) कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको मात्र अध्ययन गरिएको छ ।

ख) पाठ्यक्रम अनुरूपता र विद्यार्थीको शैक्षिक र मनोवैज्ञानिक पक्ष अनुरूपताको अध्ययन विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

ग) रूपक विधाका पाठहरूको सबल र दुर्बल पक्षहरू केलाई निष्कर्ष तथा सुझाव दिनमा मात्र सीमित रहेकोछ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

### सैद्धान्तिक साहित्यको पुनरवलोकन

नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट अन्य विधा सरह भाषिक सीप शिक्षणका दृष्टिले महत्त्वपूर्ण मानिएको विधा मध्ये रूपक विधा पनि एक हो । रूपक विधा अभिनयात्मक अभिव्यक्ति कला भएकाले यसले विद्यार्थीहरूमा भाषिक सीप विकास गराउँदछ । साहित्यका अन्य विधाहरूलाई विभिन्न सिद्धान्तहरूसँग मेल गराउँदै शिक्षण गरेको अथवा विभिन्न सिद्धान्तका मान्यतामा आधारित रहेर शिक्षण गरेको पाइन्छ । त्यस्तै प्रकारले रूपक विधालाई पनि व्यवहारवादी सिद्धान्तमा आधारित रहेर शिक्षण गर्नु उपयुक्त देखिन्छ । भाषिक सीप हासिल गराउन प्रायोग गरिने भाषा पाठ्यक्रमका विधामध्येको रूपक विधा स्वाभाविक गतिका साथ हउभाउपूर्ण ढङ्गले वेल्ने सीपको विकास गराउनमा महत्त्वपूर्ण देखिन्छ ।

प्रा.डा. हेमाङ्गराज अधिकारीद्वारा लिखित नेपाली भाषा शिक्षण (२०३९) पुस्तकमा विद्यालय तहमा रूपक शिक्षणको औचित्य र बालबालिकाको भाषिक सीप विकासमा रूपक विधाको उपयोगिताको चर्चा गरिएको छ । त्यसैगरी उनीद्वारा नै सम्पादित शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्वहरू (२०४४) अध्ययन प्रतिवेदनमा प्राथमिक तथा माध्यमिक तहमा नेपाली भाषा पाठ्यक्रम र महेन्द्रमाला कितावको सेरोफेरोमा चर्चा भएको पाइन्छ । यसरी नै डिल्लीराम रिमालद्वारा लेखिएको नेपाली शिक्षण (२०५२) पुस्तकमा रूपक शिक्षणको प्रयोजन, कार्यकलाप र शिक्षणविधिका बारेमा चर्चा गरिएको छ । त्यसरी नै प्राथमिक शिक्षक सेवाकालीन तालिम (२०५४) मा पनि रूपक शिक्षणको प्रयोजन, रूपक शिक्षण गर्दा सञ्चालन गरिने कार्यकलापहरू र शिक्षण सामग्री वारे जानकारी दिएको छ ।

रूपक विधाभित्र संवाद, वादविवाद, मनोवाद र एकाङ्कीलाई लिने गरिएको छ । यी सबैको मुख्य प्रयोजन भनेको कथ्य हो । यो दृश्यश्रव्यात्मक विधा भएकाले सुनाइ सीपको विकासमा पनि यसलाई उपयोगमा ल्याउन सकिन्छ । यसले भाषिक अभिव्यक्ति मात्र होइन हाउभाउ, आङ्गिक सङ्केत, अनुकरण जस्ता भाषिकेत्तर पक्षको विकासमा समेत सहयोग पुऱ्याउँछ । दर्शकहरूलाई मनोरञ्जन दिई सन्तुष्ट तुल्याउनका निम्ति पनि रूपक उपयोगी

मानिन्छ (पौडेल, २०६९ १८९) । यसरी हेर्दा रूपक विधाको शैक्षणिक प्रयोजन कथ्य वा मौखिक अभिव्यक्तिको विकाससँग सम्बन्धित छ ।

रूपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसको शिक्षण गर्दा निर्दिष्ट संवाद/ एकाङ्की तथा वादविवादलाई परिस्थिति, पात्र तथा भावनुकूल वाचन एवम् भूमिका निर्वाहको अभ्यास गराउनुपर्छ । यस क्रममा कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ, स्वरको आरोह अवरोह, भावपहिचान संवाद वा वादविवादको अनुकणात्मक लेखन, संवादपूर्ति, संवादलेखन, वादविवाद लेखन स्वतन्त्र लेखन, श्रुति लेखन आदि कार्यकलाप समेत गराउनु पर्छ (माध्यमिक शिक्षा पाठ्यक्रम २०६४) विद्यार्थीमा रहेका अन्तर्निहित क्षमताको प्रस्फुटन गर्न र भाषाको चार ओटै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ को विकास गर्न रूपक विधा महत्त्वपूर्ण हुन्छ।

अधिकारी र शर्मा (२०६५) द्वारा प्रारम्भिक नेपाली शिक्षण नामक पुस्तक लेखिएको छ । उक्त पुस्तकमा रूपक विधा शिक्षणको परिचय, आवश्यकता, औचित्य र महत्त्व शिक्षण प्रक्रिया आदि शीर्षकहरूमा चर्चा गरिएको छ ।

**सम्बन्धित साहित्यको पुनरवलोकन**

रूपक विधा साहित्यका विभिन्न विधाहरू मध्येको एक महत्त्पूर्ण विधा मानिएको पाइन्छ । भाषा सिकाइका क्रममा यसले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यस विधाले विद्यार्थीहको कथ्य अभिव्यक्ति क्षमतालाई उजागर गर्ने कार्यमा महत्त्पूर्ण भूमिका खेलेको पाइन्छ । विद्यालय तहका पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधाहरूका बारेमा अध्ययन अनुसन्धान र विश्लेषणहरू गरिए जस्तै रूपक विधालाई लिएर पनि अध्ययन अनुसन्धान भएको पाइन्छ । यस शोधसँग सम्बन्धित रहेर विभिन्न समयमा विद्वान्हरूले गरेका अध्ययनहरूलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

पण्डित (२०६१) द्वारा **'कक्षा तीनको मेरो नेपाली किताब र सजिलो नेपाली मालामा प्रयुक्त शब्दभण्डारको तुलनात्मक अध्ययन'** शीर्षकमा शोध कार्य गरिएको पाइयो । दुईवटा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको शब्दवर्गका आधारमा वर्गीकरण र विश्लेषण गर्नु ती शब्दहरूको स्रोत पत्ता लगाउनु उद्देश्य रहेको यस अध्ययनमा पुस्तकालय र तुलनात्मक विधिको प्रयोग गरेको पाइयो । नामपदहरूलाई विश्लेषण गरी हेर्दा सजिलो नेपाली माला

पहिलो स्थानमा रहेको तथा विशेषण शब्दहरू अन्तगर्त मेरो नेपाली किताबमा ११७ बटा विशेषण शब्दहरूको प्रयोग गरिएको निष्कर्ष यस अध्ययनले निकालेको छ। कक्षा ३ का दुई पाठ्यपुस्तकको शब्दभण्डार बीच तुलनात्मक अध्ययन गरी निकालिएको निष्कर्षलाई कक्षा ७ का पाठ्यपुस्तक सँग सामान्यीकरण गर्न नसकिने भएकाले यो अध्ययनको सीमा रहेको छ।

पौड्याल (२०६१) द्वारा **'माध्यमिक तहमा पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र हालको पाठयपुस्तकमा समाविष्ट रूपक विधाको अध्ययन'** शीर्षकमा शोध कार्य गरिएको छ। कक्षा ९ र १० को पुरानो तथा नयाँ महेन्द्रमाला पाठ्यपुस्तकमा समाविष्ट रूपक विधा पाठ्यक्रम : अनुरूप भए नभएको विश्लेषण गर्नु, यी दुई पुस्तकमा राखिएका रूपक विधाको संरचना र भाषिक पक्षको तुलनात्मक विश्लेषण गर्नु उद्देश्य राखी उक्त उद्देश्य प्राप्तिका लागि सामग्री सङ्कलन, व्याख्या तथा विश्लेषण विधि प्रयोग गरी कक्षा ९ र १० का पुराना तथा नयाँ पाठ्यपुस्तकहरू पठ्यक्रमको अनुरूप रहेको निष्कर्ष निकालिएको यस अध्ययनले कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको शब्दभण्डार संरचना र तथा विषयवस्तुका आधारमा अध्ययन विश्लेषण गरेको पाइएन।

गौतम (२०६५) द्वारा **'कक्षा सातका हाम्रो नेपाली किताव र मेरो नेपाली माला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन'** शीर्षकमा शोध कार्य गरिएको छ। भाषा पाठ्यक्रमका आधारमा पाठ्पुस्तकको उपयुक्तताको विश्लेषण गर्नु, भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई पाठ्यपुस्तक मध्ये कुन चाहिँ बढी उपयोगी छ भन्ने कुरा पत्ता लगाउनु जस्ता उद्देश्य राखी अघि वढाइएको सो अध्ययनमा सामाग्री सङ्कलन विधि र पुस्तकालयीय विधि प्रयोग गरिएको छ। हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका संवाद र वादविवाद पाठको स्तर उपयुक्त रहेको साथै भाषिक सीप आर्जनका दृष्टिले कक्षा ७ को पाठ्यपुस्तकमा समाविष्ट रूपक विधा उपयुक्त रहेको निष्कर्ष निकालिएको यस अध्ययनले कक्षा ७ को हाम्रो नेपाली किताबमा मात्र समाविष्ट रूपक विधाको एकल अध्ययन गर्न नसकेको पाइयो त्यसै गरी उक्त कक्षाका पाठ्पुस्तकको शब्दभण्डार, संरचना तथा विषयवस्तुका दृष्टिले अध्ययन विश्लेषण गर्न सकेको पाइएन।

पौड्यल (२०६८) द्वारा **'कक्षा ६ को हाम्रो नेपाली किताब र सजिलो नेपाली माला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन'** शीर्षकमा शोध कार्य गरिएको छ। यस अध्ययनमा पाठ्यक्रमका आधारमा उक्त दुई पाठ्यपुस्तकहरूमा समाविष्ट रूपक विधाको

उपयुक्तताको विश्लेषण गर्नु, भाषिक सीप आर्जनका लागि कुन पुस्तक बढी उपयोगी छ भन्ने कुरा पत्ता लगाउनु भन्ने उद्देश्यहरू समावेश गरिएको छ । प्रस्तुत उद्देश्य प्राप्तिका लागि समाग्री सङ्कलन विधि र अध्ययन विश्लेषण विधि प्रयोग गरी हाम्रो नेपाली किताबमा नेपाली भाषा पाठ्यक्रम (२०५८) अनुसार आफ्नै खुट्टामा उभिन सिक्नु पर्छ 'संवाद' र सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ । 'वादविवाद' समावेश गरिएको उक्त पुस्तकमा समावेश गरिएका संवाद तथा वादविवाद कक्षाको स्तर, शिक्षार्थीको उमेर रुचि, क्षमता र पाठ्यक्रमको उद्देश्य अनुरूप राखिएको पाठ्यसामग्री स्तरीय रहेको, त्यसै गरी सजिलो नेपाली मालामा पाठ्यक्रमले निर्धारण गरेका भाषाका साधारण तथा विशिष्ट उद्देश्यहरूको प्राप्तिमा जोड दिइएको निष्कर्ष निकालिएको छ । यी निष्कर्षका आधारमा यस अध्ययनले कक्षा ६ को पाठ्यपुस्तकमा समाविष्ट पाठहरू पाठ्यक्रम तथा पाठ्यक्रममा उल्लेखित उद्देश्यका आधारमा रहे नरहेको कुरालाई मुख्य रूपमा अध्ययन पगरेको पाइयो । तर कक्षा ६ को रूपक विधामा गरिएको शोध कार्यको प्राप्ति कक्षा ७ को विद्यार्थीका लागि सामान्यीकरण गर्न नसकिने भएकाले र कक्षा ७ को रूपक विधाको अध्ययन नहुनु यसको सीमा रहेको पाइयो ।

भण्डारी (२०६८) द्वारा **'कक्षा ६ का हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङखला भित्र समाविष्ट रूपकहरूको अध्ययन'** शीर्षकमा शोध कार्य गरेको पाइयो । भाषा पाठ्यक्रमका उद्देश्यका आधारमा कक्षा ६ का भाषा पाठ्यपुस्तकहरूमा समाविष्ट रूपक विधाको उपयुक्तताको विश्लेषण गर्नु, पाठको आयाम र विषयवस्तु प्रयोगका दृष्टिले उक्त दुई पाठ्यपुस्तक मध्ये कुन बढी स्तरीय र उपयुक्त छ भन्ने कुरा पत्ता लगाउनु जस्ता उद्देश्यहरूका आधारमा यो अध्ययन अघि बढेको पाइयो । यस अध्ययनमा सामग्री सङ्कलन विधि र अध्ययन विश्लेषण विधिको प्रयोग गरिएको छ । हाम्रो नेपाली पाठ्यपुस्तक भित्रका पाठहरूको आयाम विद्यार्थीको स्तर सुहाँउदो नै रहेको त्यस्तै नयाँ नेपाली शृङखला भित्र समाविष्ट रूपक विधाका पाठहरूको कक्षागत स्तर र विद्यार्थीको उमेर र कक्षा ६ को क्षमता भन्दा बढी रहेको निष्कर्ष निकालिएको यस अध्ययनले भाषिक सीप शिक्षणका दृष्टिले कक्षा ७ को पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको कुनै कुरा नउठाएकाले यो नै यसको सीमा रहेको छ ।

सुवेदी (२०६९) द्वारा **'कक्षा ५ को सजिलो नेपालीमाला र मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन'** शीर्षकमा शोध कार्य गरेको पाइयो । यस अध्ययनमा विद्यार्थीहरूको स्तर अनुरूपताका आधारमा रूपक विधा समावेश स्थिति विश्लेषण गर्नु, यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका सबल तथा दुर्बल पक्ष पत्ता लगाउनु, यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधा विद्यार्थीको रुचि स्तर क्षमता अनुरूपका भए नभएको विश्लेषण गर्नु जस्ता उद्देश्य प्राप्तिका निम्ति सामग्री सङ्कलन तथा विश्लेषण विधि साथै तुलनात्मक विधिको प्रयोग गरिएको छ । मेरो नेपाली किताबमा २२ वटा पाठहरू मध्ये ३ वटा रूपक विधाका पाठहरू राखिएको साथै सजिलो नेपाली मालामा २५ वटा पाठहरूमध्ये २ वटा रूपक विधाका पाठहरू समावेश गरिएको र यी दुवै पाठयपुस्तकमा त्रुटि देखिएको त्यस्तै दुवै पाठयपुस्तकमा रूपक विधाअन्तर्गत संवाद मात्र राखिएको निष्कर्ष निकालएको छ । यस आधारमा यस अध्ययनमा विद्यार्थीको स्तर अनुरूप विश्लेषण गरी दुई पाठ्यपुस्तकका सबल तथा दुर्बल पक्षलाई केलाइएको छ । यस अध्ययनले पनि भाषिक सीप शिक्षणका दृष्टिले कक्षा सातको पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको शब्दभण्डार संरचना तथा विषयवस्तुका बारेमा कुनै अध्ययन गरेको पाइएन ।

नेपाली (२०७०) द्वारा **'भाषिक सीप शिक्षणका दृष्टिले माध्यमिक तहमा समाविष्ट रूपक विधाको अध्ययन'** शीर्षकमा शोध कार्य गरेको पाइयो । उक्त अध्ययनमा रूपक विधाको सैद्धान्तिक पृष्ठभूमिको समीक्षात्मक रूप प्रस्तुत गर्नु, कक्षा ९ र १० मा समावेश गरिएका रूपक विधाको विश्लेषण गर्नु, विद्यार्थीको रुचि, क्षमता र स्तर अनुरूपताका आधारमा रूपक विधाको पहिचान गर्नु, जस्ता, उद्देश्यहरू राखिएको छ । यस अध्ययनमा सामग्री सङ्कलन विधि तथा अध्ययन विश्लेषण विधिहरूको प्रयोग गरिएको छ । अन्य विधाको तुलनामा रूपक विधा एक रोचक र प्रभावकारी विधाको रूपमा देखिएको रूपक विधाको पाठ र नमूना अभ्यास बीच आवश्यक तालमेल देखिएको, भाषिक सीपका साथै अन्य सीप पनि उत्तिकै हाँसिल गराउन सकिने पाठहरू माध्यमिक तहमा सामावेश भएको निष्कर्ष यस अध्ययनले निकालेको छ । यी उपलब्धि रहेको भए पनि माध्यमिक तहका सन्दर्भमा गरिएको यो शोधपत्रका प्राप्तिहरू कक्षा ७ का विद्यार्थीहरूमा सामान्यीकरण गर्न सकिँदैन ।

रिजाल (२०७२) द्वारा लिखित **कक्षा सातको नेपाली पाठ्यपुस्तक (२०७०) मा समाविष्ट रूपक विधाको अध्ययन** शीर्षकमा शोध कार्य गरेको पाइयो । रूपक विधाको शब्दभण्डार, संरचना, विषयवस्तुका आधारमा रूपक विधाको विश्लेषण गर्नु तथा रूपक विधाको सबल र दुर्वल पक्ष केलाउनु जस्ता उद्देश्यहरू राखिएको यस अध्ययनमा पुस्तकालीय विधि प्रयोग गरी अध्ययन विश्लेषण गरेको पाइयो । यस अनुसन्धानमा कक्षा ७ का विद्यार्थीहरूको रुचि क्षमता स्तर पूर्वज्ञान आदि कुरालाई प्रमुख मान्दै कठिन शब्दहरूलाई मा.वि. तहका पाठ्यपुस्तकमा समेट्न सक्ने गरी योजना निर्माण गर्नुपर्ने, कक्षा ७ को संवाद र वादविवाद पाठलाई कक्षा शिक्षणका क्रममा विद्यार्थीहलाई नै संवाद तथा वादविवादमा सहभागी गरेर विद्यार्थी केन्द्रित विधिद्वारा शिक्षण गर्नु उपयुक्त देखिने सुझाव पेस गरिएको छ ।

**पुनरवलोकनको उपादेयता**

भाषा पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका पाठहरूको विश्लेषण सम्बन्धी विभिन्न शोध कार्यहरू गरिएको छन् । ती शोधकार्यहरूले फरक-फरक दृष्टिकोणमा रूपक विधाका पाठहरूको अध्ययन तथा विश्लेषण गरी फरक-फरक निष्कर्षहरू निकाले छन् । यसै सन्दर्भमा पण्डित (२०६१) ले कक्षा ३ को मेरो नेपाली किताब र सजिलो नेपाली मालामा प्रयुक्त शब्दभण्डारको तुलनात्मक अध्ययन शीर्षकको शोधकार्यमा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको शब्दवर्गका आधारमा वर्गीकरण र विश्लेषण गरी ती शब्दहरूको स्रोत पत्ता लगाउने उद्देश्य राखि शोधपत्र तयार गरेको पाइन्छ । नेपाली (२०७०) ले भाषिक सीप शिक्षणका दृष्टिले माध्यमिक तहमा समाविष्ट रूपक विधाको अध्ययन शीर्षकको शोधकार्यमा अन्य विधाको तुलनामा रूपक विधा एक रोचक र प्रभावकारी विधाका रूपमा देखिएको, पाठ र नमुना अभ्यास बीच आवश्यक तालमेल देखिएको, भाषिक सीपका साथै अन्य सीप पनि उत्तिकै हाँसिल गराउन सकिने पाठहरू माध्यमिक तहमा समावेश गरिएको निष्कर्ष निकालिएको छ ।

विभिन्न तहको रूपक विधा सम्बन्धी भएको अध्ययनहरूले भाषा पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका पाठहरूको कमीकमजोरी तथा उपयोगितालाई औल्याएको पाइन्छ । रूपकको विश्लेषण सम्बन्धी भएका अध्ययनहरूले फरक-फरक दृष्टिकोण तथा आधारहरूबाट रूपकको विश्लेषण गरेको पाइन्छ । यी विविध सन्दर्भबाट कक्षा १० को

नेपाली पाठ्यपुस्तकमा समाविष्ट विधाहरूको अध्ययन भए पनि रूपक विधाको विश्लेषणात्मक अध्ययन नभएकाले यो शोधकार्य तयार गरिएको हो ।

रूपक सम्बन्धी गरिएका प्रस्तुत अध्ययनहरू तुलनात्मक अध्ययन, पाठ्यक्रमसँगको अनुरूपात्मक अध्ययन शीर्षकमा भएका अध्ययनहरू पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा उपयोगी हुने गर्दछ । अध्ययनबाट निकालिएका निष्कर्षहरूको आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा देखिएका कमिकमजोरी निराकरण गर्न मद्दत मिल्दछ । पाठ्यक्रमले निर्देश गरे अनुसार विषयवस्तुहरूको संयोजन गरी सोही अनुरूपको रूपक विधा छनोट भए नभएको पाठ्यक्रमको उद्देश्यले रूपक विधालाई समेट्न सके नसकेको कुरा थाहा पाउन पनि रूपक विधा सम्बन्धी अध्ययन उपयोगी हुने देखिएको छ ।


रूपक विधासम्बन्धी गरिएका सम्बन्धित साहित्यको पुनरवलोकनहरूबाट शिक्षकलाई शिक्षण सिकाइ कार्यकलापमा तथा विद्यार्थीहरूलाई भाषिक सीप हासिल गर्न मद्दत पुग्ने देखिन्छ । सम्बन्धित साहित्यको पुनरवलोकनबाट निकालिएका निष्कर्षहरूका आधारमा रूपक विधालाई विविध दृष्टिकोणबाट अध्ययन तथा विश्लेषण गरिएको भए तापनि प्रस्तुत कक्षा १० को नेपाली पाठ्यपुस्तकमा रहेका रूपक विधाको समष्टिगत अध्ययन कार्य नभएकाले यो अध्ययन पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक निर्माता, शिक्षक तथा विद्यार्थीहरूका लागि उपयोगी सावित हुने अपेक्षा गरिएको छ ।

**सैद्धान्तिक/अवधारणात्मक ढाँचा**

प्रस्तुत अध्ययन कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७४) मा समाविष्ट रूपक विधाको अध्ययन व्याख्यात्मक, वर्णनात्मक तथा विश्लेषणात्मक अध्ययन पद्धतिमा आधारित रहेको छ । त्यसका साथै भविष्यमा समावेश गर्न सकिने रुपकका पाठहरू के-कस्ता हुन सक्छन्, विद्यार्थीको रुचि, तह, स्तर अनुरूप विषयवस्तु राखी कसरी शिक्षण गर्ने भन्ने जस्ता कार्यमा सहयोग मिल्नेछ । यो शोध अध्ययनको सैद्धान्तिक अवधारणात्मक ढाँचालाई निम्नानुसार प्रस्ट्याइएको छ :

चित्र नं. १

सैद्धान्तिक अवधारणात्मक ढाँचा




माथि प्रस्तुत गरिएको चित्रात्मक ढाँचाबाट कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको अध्ययन शीर्षकमा गरिने शोधको छोटो रुपरेखा देख्न सकिन्छ। विद्यार्थीहरुको रुचि स्तर र तथा अनुसारका रूपकहरू रहे नरहेको अध्ययन गरिएको छ। पाठ्यक्रममा तोकिएका उद्देश्य भाषिक सीप विकासमा रूपकले पुऱ्याउने सहयोग जस्ता विषयमा केन्द्रित रहेर रूपकको अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा सुझाव प्रस्तुत गरिएको छ।

# परिच्छेद तीन

# अध्ययनको विधि र प्रक्रिया

## अध्ययनको ढाँचा र विधि

'कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७४) मा समाविष्ट रूपक विधाको विश्लेषणात्मक अध्ययन' शीर्षकको शोध माध्यमिक तहको परिमार्जित पाठ्यक्रम अनुरूप भए नभएको, रूपकको छनोट पाठ्यक्रम अनुरूप भए नभएको, रूपक विधा भाषशिक्षणका लागि उपयुक्त भए नभएको आदि जस्ता पक्षहरूको खोज गर्न केन्द्रित रहेको छ। साथै पाठ्यपुस्तकमा समावेश भएका रूपकहरूका सबल तथा दुर्बल पक्षहरू केलाउन र सुधारात्मक उपायहरूको खोजी गर्नमा केन्द्रित रहको छ। तसर्थ यो अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक प्रकृतिको रहेको छ।

उल्लिखित पक्षहरूको अध्ययन, अनुसन्धान तथा विश्लेषणको क्रममा विभिन्न ढाँचा तथा विधिहरूको प्रयोग गरिएको छ। यस अध्ययनमा विशेष गरी पुस्तकालयीय विधि अपनाइएको छ। त्यसैगरी पाठ्यपुस्तकमा समाविष्ट रूपक विधालाई पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण गर्न विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ।

## जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति

यस अध्ययनमा कक्षा १० को नेपाली पाठ्यपुस्तकभित्र समावेश गरिएका ३ ओटा रूपकलाई नमुनाका रूपमा छनोट गरिएको छ।

## अध्ययनको क्षेत्र

नेपाली भाषा शिक्षण विषयसँग सम्बन्धित अनुसन्धानका विभिन्न क्षेत्रहरूमध्ये प्रस्तुत प्रस्तावित 'कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७४) मा समाविष्ट रूपक विधाको विश्लेषण शीर्षकको शोधको क्षेत्र नेपाली भाषा पाठ्यपुस्तक रहेको छ। नेपाली भाषा पाठ्यपुस्तक अन्तर्गत पनि रूपक विधालाई अध्ययनको क्षेत्रको रूपमा लिइने छ, जसमा रूपक विधालाई पाठ्यक्रम अनुरूपताको आधारमा विश्लेषण, भाषा पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य परिपूर्तिमा रूपक, भाषिक सीप शिक्षणमा रूपकको सक्षमताको पहिचान तथा

नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपकहरूका सबल र दुर्बल पक्षहरू केलाई सुधारात्मक पक्षको खोज आदि जस्ता विषयगत क्षेत्रहरूमा यो शोध केन्द्रित रहेको छ ।

**तथ्याङ्क सङ्कलनका साधन र तरिका**

अनुसन्धानलाई वैध, प्रामाणिक र विश्वसनीय बनाउन तथ्याङ्क अथवा सामग्री सङ्कलनको विशेष महत्त्व हुन्छ । तिनै तथ्याङ्क वा सामग्री प्रमाणको रूपमा प्रस्तुत गरी निष्कर्ष निकालिन्छ तसर्थ हरेक शोधका लागि तथ्याङ्क सङ्कलन अनिवार्य हुन्छ । सङ्कलनका साधन पनि विविध हुने गर्दछन् ।

यो शोधकार्य सम्पन्न गर्ने सन्दर्भमा माध्यमिक शिक्षा पाठ्क्रम (२०७१) तथा पुराना पाठ्यक्रमहरू, सम्बन्धित तहको पाठ्यपुस्तक, सन्दर्भपुस्तकहरू, टिपोट पाठहरू तथा सम्बन्धित विषयका शोधहरू सङ्कलन गरिएको छ ।

**तथ्याङ्क सङ्कलन प्रक्रिया**

यो शोध तयार पार्नका लागि पुस्तकालयीय विधि अपनाइएको छ भने आवश्यकता अनुसार छलफल तथा अन्य विधिको पनि प्रयोग गरिएको छ । यो शोध तयार पार्दा सम्बन्धित पाठ्यपुस्तक, पाठ्यक्रम, पत्रपत्रिका पुराना शोधपत्र आदि साधन प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

**तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया**

शोधकार्य सम्पन्न गर्नका निमित्त तथ्याङ्क सङ्कलन गरिसके पछि तिनको उचित पहिचान, वर्गीकरण र व्याख्या तथा विश्लेषण गरी निष्कर्ष निकाल्नु पर्ने हुन्छ, तसर्थ शोधकार्य सम्पन्न गर्ने क्रममा सङ्कलन गरिएका तथ्याङ्कको विश्लेषण गरी कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपकको पाठ्यक्रम अनुरूपता, भाषिक सीप शिक्षणमा उपयोगिता, उद्देश्यमूलकता तथा सबल र दुर्बल पक्षहरू केलाई सुधारात्मक पक्षहरूका सम्बन्धमा व्याख्या तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस शोधमा तथ्याङ्कको विश्लेषण मूलतः व्याख्यात्मक तथा वर्णनात्मक रहेको छ ।

# परिच्छेद चार

# नतिजाको व्याख्या एवम् विश्लेषण

यो शोधपत्रको माध्यमिक तह अन्तर्गत कक्षा १० को नेपाली पाठ्यपुस्तक २०७४ मा समाविष्ट रूपक विधाको अध्ययन गर्ने उद्देश्यले तयार गरिएको छ । यस शोध कार्यका लागि निम्नानुसारको अध्ययन तथा विश्लेषण गरिएको छः

## पाठ्यक्रम अनुरूपताका आधारमा रूपक विधाको अध्ययन

कक्षा १० को नेपाली पाठ्यपुस्तकमा जम्मा ३ ओटा रूपक विधा अन्तर्गतका पाठहरू समावेश गरिएको छ । कक्षा १० को नेपाली पाठ्यपुस्तक अन्तर्गत संवाद वादविवाद र एकाङ्की समावेश गरिएको छ । माध्यमिक तह कक्षा १० को पाठ्यक्रमले निर्देश गरेका विधाका क्षेत्रहरूलाई यस तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरण

| क्र.सं. | विधा | क्षेत्र | पाठशीर्षक |
|---|---|---|---|
| १ | कथा | क) पौराणिक कथा -१<br>ख) सामाजिक कथा -१<br>ग) मनोवैज्ञानिक कथा - १<br>घ) सामाजिक -१ | जन्मभूमि<br>प्रत्यागमन<br>लक्ष्मीपूजा<br>माउजङ बाबुसाहेवको कोट |
| २ | कविता | क) नीतिप्रधान/सांस्कृतिक प्रधान-१<br>ख) प्रकृति प्रधान-१<br>ग) समाज प्रधान-१ | सन्तुष्टि<br>वर्षा<br>म सडक बोल्दै छु |
| ३ | जीवनी | क) राष्ट्रिय-१<br>ख) अन्तर्राष्ट्रिय विचारक-१ | सन्दुक रुइत<br>क्लारा जेटकिन |
| ४ | निबन्ध | क) प्राविधिक/व्यावसायिक-१<br>ख) सांस्कृतिक-१ | थाङ्का<br>हाम्रो संस्कृति |

| | | | |
|---|---|---|---|
| | | ग) सामाजिक-१ | जयभूँडी |
| ५ | रूपक | क) मनोवाद-१<br>ख) वादविवाद-१<br><br>ग) एकाङ्की-१ | म पनि सक्छु<br>स्थानीयकरण भन्दा<br>व्यापरीकरण वेस<br>टीका |
| ६ | चिठ्ठी | क) व्यापारिक-१ | व्यापारिक चिठ्ठी |

स्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम, २०७१

माथि उल्लेख गरिएको तालिका अनुसार कक्षा १० को पाठ्यपुस्तकका पाठहरू मध्ये ३ वटा रूपक विधाका पाठहरू समावेश गरिएका छन् । रूपक विधा साहित्यको अभिनयात्मक विधा भएकाले पनि पाठ्यपुस्तकमा समावेश गरिएको पाइन्छ ।

**रुपक विधा शिक्षणका प्रयोजनहरु :**

१. कथ्य अभिव्यक्ति सीपको विकास गर्नु,

२. स्वरको आरोह, अवरोह, आघात, गतियति मिलाएर बोल्ने र वाचन गर्ने क्षमताको विकास गर्नु,

३. अरुको भाषिक अभिनयात्मक व्यवहारको अनुकरण गर्न सक्ने बनाउनु,

४. विद्यार्थीमा तार्किक सिर्जनात्मक क्षमताको विकास गर्नु,

५. उच्चारण क्षमताको विकास गर्नु,

६. विभिन्न परिस्थिति र अवस्था अनुसार हाउभाउ मुखामुद्रा, चेष्टा आदिको उपयुक्त प्रयोग गरी अभिनयात्मक ढङ्गबाट बोल्ने क्षमताको विकास गर्नु,

७. तर्क वितर्क खण्डन मण्डन, समर्थन गर्ने क्षमताको विकास गर्नु,

८. विभिन्न क्षेत्रका शब्दभण्डार, शब्द प्रयोग र वाक्य गठन क्षमताको विकास गर्नु,

९. व्यक्तिमा आत्मविश्वासी क्षमताको विकास गर्नु,

१०. पठन बोध क्षमताको विकास गराउनु,

११. साहित्यप्रति रुचि जगाउनु,


१२. संवाद वादविवाद, मनोवाद, वक्तृता जस्ता रचना गर्न सक्ने क्षमताको विकास गर्नु ।

स्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम, २०७१

माध्यमिक तह कक्षा १० मा समावेश गरिएका विविध विधाहरूमध्ये रूपक विधाले पाउने महत्त्वका बारेमा निम्न वृत्तचित्रका माध्यमबाट अझ बढी प्रस्ट पार्न सकिन्छ :

चित्र नं. २

पाठ्यपुस्तमा समाविष्ट विधाको विवरण




माध्यमिक तह कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७४) मा समाविष्ट १६ ओटा पाठहरूमध्ये रूपक विधा अन्तर्गत जम्मा ३ ओटा पाठ समावेश गरिएको छ । प्रतिशतको हिसाबले गणना गर्ने हो भने सम्पूर्ण पाठहरूमध्येबाट पनि १८.७५% रूपक विधाका पाठहरू

राखिएको पाइन्छ। रूपक बिधाले बालबालिकाहरूको विभिन्न प्रतिभाहरू प्रष्फुटन गर्ने भएकाले पनि पाठ्यपुस्तकमा रूपक विधाका पाठहरू समावेश गरिएको पाइन्छ।

यस विधाको माध्यमबाट विभिन्न विषयको प्रस्तुतिका साथ-साथै प्रभावकारी रूपमा भाषिक सीप विकास गर्ने क्षमता विद्यार्थीहरूमा हुने भएकाले माध्यमिक तहको पाठ्यक्रमको मूल उद्देश्य पनि रहेको पाउन सकिन्छ।

माध्यमिक तह कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७४) मा रूपक विधा अन्तर्गत निम्न पाठहरू समावेश गरिएको पाइन्छ :

तालिका-२

विधाको क्षेत्रका आधारमा रूपक विधाको वर्गीकरण

| क.सं. | पाठको क्रमसंख्या | रूपक | विधाको क्षेत्र |
|---|---|---|---|
| १ | ५ | म पनि सक्छु | मनोवाद |
| २ | १० | स्थानीयकरण भन्दा विश्व व्यापारीकरण बेस | वादविवाद |
| ३ | १५ | टीका | एकाङ्की |

कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक अन्तर्गतका पाठहरूलाई निम्न प्रयोजनका आधारमा विश्लेषण गरिएको छ :

***मनोवाद***

मनोवाद रूपक विधा अन्तर्गत पर्दछ। मनोवादलाई एकालाप वा स्वगतकथन पनि भनिन्छ। यसमा एउटै मात्र पात्र हुन्छ र ऊ कुनै खास कारणले गर्दा आफू एक्लै कुरा गर्ने गुनगुनाउने, छटपटिने मनमा कुरा खेलाउने आदि गर्दछ। मनोवादमा पात्रले खास परिस्थिति वा घटनाका कारण उत्पन्न भएको विशेष आफ्नो परिस्थितिलाई उद्घाटित गरेको हुन्छ। मनोवादमा व्यक्ति वा पात्रको खास परिस्थिति वा घटना विशेषको कारण उसको मनमा उत्पन्न हुने उतारचढावलाई सङ्केत गर्ने मुख्य उद्देश्य रहन्छ।

मनोवादमा मुल अभिनयको उच्चतम अपेक्षा रहन्छ । यस्तो अभिनय नहुँदा मनोवाद पनि रूपकका अन्य भेद एकाङ्की र संवादजस्तै हुन पुग्दछ । यसमा खास प्रसङ्ग वा घटनाका कारण व्यक्तिका मनमा उत्पन्न हुने क्रिया-प्रतिक्रिया वा संवेगात्मक उतारचढाव र अनुभूतिलाई प्रकट गर्ने पात्रका हाउभाउ, आंगिक चेष्टा, मुखामुद्रा, नाटकीकरण आदिको अपरिहार्यता रहन्छ । यसका लागि अभिनय खालका विषयवस्तु मात्र प्रभावकारी एवम् उपयोगी मानिन्छन् ।

भाषा शिक्षणमा मनोवादको मुख्य प्रयोजन कथ्य भाषामा जोड दिनु भए तापनि पाठ्यक्रमले यसका माध्यमबाट लेख्य सीपको विकास गराउँदै अभिनेयात्मक मौखिक अभ्यासका साथै शब्दार्थ, शब्द प्रयोग भाषातत्त्व, प्रश्नोत्तर, सिर्जनात्मक पक्षमा समेत अभ्यास गराउन जोड दिइएको हुनाले माध्यमिक भाषा पाठ्यपुस्तकमा रूपक एक भेदको रूपमा रहेको मनोवाद शिक्षण सिकाएका निमित्त व्यवस्था गरिएको छ ।

**'म पनि सक्छु' मनोवादको विश्लेषण**

क) शीर्षक

प्रस्तुत मनोवादको शीर्षक तीन शब्द 'म पनि' र 'सक्छु' शब्द मिलेर बनेको छ । उक्त मनोवादका पात्र कुमार शारीरिक रूपमा अपाङ्गता भएको मनोदशालाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । पोलियोका कारण दुवै खुट्टा गुमाएको कुमार दश कक्षामा पढ्ने विद्यार्थी हो । उसले पढाइमा राम्रो गर्नुका साथै चेस र कविता प्रतियोगितामा जिल्ला भरिबाट उत्कृष्ट भएर स्वर्णपदक जिते पश्चात उनका मनमा विभिन्न कुराहरू खेल्छन् । आफू अरु सरह शारीरिक रूपमा अब्बल भएको भए दौड र भलिवलमा पनि सहभागी जनाउने उनको मनोकांश प्रस्तुत मनोवादमा गरिएको छ । यसरी हेर्दा मनोवादको विषयअनुसार शीर्षक सार्थक रहेको पाइन्छ ।

ख) संरचना

प्रस्तुत मनोवादमा लामा छोटा गरी जम्मा ११ वटा अनुच्छेदहरू रहेका छन् । यस मनोवादमा अपाङ्गता भएको पात्र कुमारको मनमा उब्जिएका भावनाहरूलाई प्रस्तुत गरिएको छ । यसमा १६ वाक्य भन्दा माथि वाक्यलाई गठन भएको अनुच्छेद पनि रहेको छ

भने ५/६ वाक्य भएका छोटा अनुच्छेदहरू भएका वाक्यहरू पनि रहेका छन् साथै १५० भन्दा बढी शब्दहरू रहेको पाइन्छ ।

ग) पात्र

यस मनोवादमा प्रत्यक्ष र अप्रत्यक्ष पात्रहरू प्रस्तुत गरिएको छ । यस मनोवादको मुख्य पात्र कुमार पाठक हो । ऊ एक निम्नवर्गीय परिवारका पात्र हुन् । माध्यमिक तहमा अध्ययन गर्दै गरेका कुमार शारीरिक रूपमा अपाङ्गता भएपनि आफूमा इच्छाशक्ति छ भने जस्तो सुकै काम पनि गर्न सकिन्छ भनी लाखौं शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको एक प्रतिनिधि मूलक पात्रको रूपमा देखा परेको छ ।

घ) उद्देश्य

प्रस्तुत मनोवादमा एक निम्नवर्गीय परिवारका विद्यार्थी त्यसमा पनि माध्यमिक तहमा अध्ययन गर्दै गरेका शारीरिक रूपामा अपाङ्गता भएको वास्तविक स्थितिलाई प्रस्तुत गरिएको छ ।

अपाङ्गता भवितव्य वा अज्ञानताका कारण हुन्छ, अपाङ्गा हुनु व्यक्तिको कुनै दोष होइन, अपाङ्गता भएका व्यक्तिहरू संसारमा थुप्रै छन् र तिनीहरूले उल्लेखीय काम गरेर आँफूलाई विश्वसामु परिचित बनाएका छन् । त्यसैले अपाङ्गता हुँदैमा कोही व्यक्ति असक्षम र अयोग्य हुने होइन वरु उनीहरू फरक रूपमा सक्षम र योग्य हुन्छन् भन्ने कुरा देखाउनु यस पाठको मुख्य उद्देश्य रहेको पाइन्छ ।

ङ) निष्कर्ष

प्रस्तुत मनोवादमा कुमारको मनमा उब्जिएका एकालापलाई प्रस्तुत गरेको छ । कुमार शारीरिक रूपमा अपाङ्गता भएको विद्यार्थी हो । अपाङ्गता भएको विद्यार्थीले कुनै पनि हीनताबोध लिनु हुँदैन स्वयम्मा उत्साहित हुनुपर्छ, आफू भित्र सधै सकरात्मक सोचको विकास गर्नुपर्छ, आफ्नो क्षमता अनुसारको कार्य क्षेत्रको समयमा नै पहिचान गरी त्यसको विकासमा लाग्नुपर्दछ भन्ने सन्देश यस मनोवादले दिएको पाइन्छ । समाजमा अपाङ्गता भएका व्यक्तिले पनि केही गर्न सक्छ त्यसका लाीग उनीहरूलाई सम्मान, अवसर पारिवारिक हेरचाह माया पाएमा यस मनोवादका पात्र कुमार पाठकले जसरी सफलता हात पार्न सक्छ

भन्ने कुरा देखाइएको छ । अपाङ्गता भएका मानिसहरूमा पनि सद्दे मानिसहरूमा जस्तै प्रतिभा र क्षमता हुन्छन् । वास्तवमा अपाङ्गता भएका व्यक्तिहरूले सपाङ्गमा भन्दा उत्कृष्ट कामहरू गरेको प्रशस्त उदाहरणहरू छन् । साहित्यिक तथा सहासिक काम देखि लिएर कला साहित्यको क्षेत्रमा उनीहरूले उदाहरणीय काम गरेका छन् त्यसैले अपाङ्गता भएका व्यक्तिलाई हेला र तिरस्कार गर्नु हुँदैन भन्ने यस मनोवादको निष्कर्ष रहेको छ ।

*वादविवाद*

कुनै निश्चित विषयका पक्ष र विपक्षबाट गरिने तर्कपूर्ण प्रस्तुतीकरणलाई वादविवाद भनिन्छ (बराल र एटम, २०६३ : २८६) । यसमा दुई पक्ष आवश्यक मानिन्छ । आफ्ना पक्षको समर्थन, मण्डन वा पुष्टि गरिन्छ भने विपक्षका तर्कसँग असहमति वा विभति राख्दै खण्डन गरिन्छ । यसमा पक्ष र विपक्षको सिर्जना गरी तार्किक कुराहरू विवेकपूर्ण ढङ्गले अघि सारिन्छ । वादविवाद प्रतियोगितात्मक रूपमा सञ्चालन गरिने हुँदा यसमा संवोधन अभिवादन, प्रस्तुतीकरण, समय विषय वस्तु आदि पक्षमा पनि ख्याल गर्नुपर्दछ ।

वादविवाद भाषाको मौखिक पक्षसँग निकट रहेको हुन्छ । यसमा विषयको समर्थन गरेको कुरा पक्ष मानिन्छ भने अस्वीकार वा विरोध गरेको कुरा विपक्ष मानिन्छ । वादविवादमा शिष्टता कलात्मकता, प्रभावकारिता, भाषिक मिठास आदिको अपेक्षा गरिन्छ । वादविवादबाट विद्यार्थीहरूमा तार्किक अभिव्यक्ति दिने, विचार विमर्श गर्ने, निडरताका साथ भाषाण गर्ने जस्ता कुराको विकास हुन्छ ।

यसको शिक्षण कक्षाकोठामा प्रायोगिक ढङ्गले सञ्चालन गरिन्छ भने लिखित रूपमा मूल्याङ्कन गर्दा, विषयवस्तु, प्रस्तुतीकरण, खण्डन मण्डन, संवोधन तथा मौखिक अभिव्यक्तिका विविध पक्षमा ध्यान दिइन्छ ।

वादविवादलाई भाषा पाठ्यक्रममा समावेश गर्नुको मुख्य औचित्य नै अभिव्यक्ति प्रस्तुत गर्ने सक्षम बनाउने उद्देश्य रहेको हुन्छ । वाद-विवादको अभ्यासले विद्यार्थीहरूमा संबोधन कला, तर्कपूर्ण अभिव्यक्ति सीप खण्डन, मण्डन गर्ने सीप, हाउभाउ र कलात्मक शैली र शुद्ध भाषाको प्रयोग गरेर विषयवस्तुको प्रस्तुतीकरण गर्ने क्षमताको विकास हुन जान्छ त्यसैले माध्यमिक तहको भाषा पाठ्यक्रममा वादविवादको उद्देश्य निर्धारण गरिएको छ ।

**'स्थानीयकरण भन्दा विश्वव्यापीकरण बेस' वादविवादको विश्लेषण**

क) शीर्षक

प्रस्तुत वादविवादको शीर्षक तीनवटा शब्द मिलेर बनेको पाइन्छ। जहाँ पक्ष र विपक्ष रहेको छ। यस पाठले स्थानीयकरण र विश्वव्यापीकरण बीचको तुलनात्मक नापजोख गरी आ-आफ्नो पक्षमा तर्क प्रस्तुत गरेका छन् यसरी हेर्दा उक्त पाठ शीर्षक सार्थक राखिएको पाइन्छ।

ख) संरचना

प्रस्तुत वादविवादमा लामा छोटा गरी जम्मा २७ ओटा अनुच्छेदहरू रहेको पाइन्छ वक्ताले आफ्ना तर्कहरू प्रस्तुत गरेका अनुच्छेदहरू लामो रहेका छन् भने अन्य अनुच्छेदहरू छोटा रहेका छन्। यस वादविवादमा पनि आदि मध्य र अन्त्यको ढाँचामा संरचना निर्माण भएको छ। जम्मा पाठलाई हेर्दा आठ पेजमा यो वादविवाद समावेश गरिएको हुँदा निकै लामो लम्बाईमा रहेको पाइन्छ।

ग) वक्ता/पात्र

विषयवस्तुको भूमिका निर्वाह गर्ने चरित्र नै त्यस पाठसँग सम्बन्धित पात्र, चरित्र वा वक्ता हुन्। संवाद विधामा भूीमका निर्वाह गर्नेलाई पात्र भनिएझैं वादविवादमा भाग लिने चरित्रलाई वक्ता भनिन्छ। प्रस्तुत पाठमा जम्मा वक्ताको संख्या चार रहेको छ। शिवलाल गौतम, विमला प्रधान पक्षका वक्त रहेका छन् भने लक्ष्मी चौधरी र राकेश मगर विपक्षका वक्ता रहेका छन् र लाक्पा शेर्पाले भने कार्यक्रम सञ्चालन गरेका छन्।

घ) उद्देश्य

प्रस्तुत वादविवादमा पक्ष र विपक्ष भएर तर्क, वितर्क खण्डन मण्डन गरिएको छ। यसरी हेर्दा यस पाठको मुख्य उद्देश्य भन्नु नै तर्क वितर्क, तार्किक अभिव्यक्ति दिने, निडरताका साथ भाषण गर्ने, शुद्ध भाषाको प्रयोग गर्ने जस्ता सीपको विकास गराउनु रहेको पाइन्छ।

ङ) निष्कर्ष

तार्किक र आलोचनात्मक सोच सहितको मौखिक अभिव्यक्ति बादविवाद हो । यसमा परम्पराका विचारको खण्डन मण्डन र तार्किक ढङ्गले विचार विमर्श गर्दा सीपको विकास हुन्छ । प्रस्तुत स्थानीयकरणभन्दा विश्वव्यापीकरण वेस भन्ने वादविवादमा पक्ष र विपक्षमा महत्त्वपूर्ण तर्कहरू यहाँ प्रस्तुत गरिएको छ । मानिस, वस्तु, विचार, श्रम, प्रविधि, संस्कृति कुनै निश्चित ठाउँ र देशको सीमा नाघेर विश्वभर फैलने वा आदान प्रदान हुने अवस्था नै विश्वव्यापीकरण हो । विश्वव्यापीकरणले गर्दा सूचना र प्रविधिको कारणले गर्दा संसार भरिका घटना ठाउँ जाति संस्कृतिबारे थाहाँ पाउन सकिएको छ साथै इन्हेल्थ इलाइब्रेरी, इलर्निङ, इमार्केटिङ जस्ता सुविधाहरू पाइएको छ । खुला संसार खुला परिवेश मानै मानिसहरूको प्रतिभा क्षमता र मिहिनेतले फर्किने र फुल्ने मौका पाएको छ : त्यसैले विश्वव्यापीकरण फराकिलो धरातल भएको कुरा प्रस्तुत वादविवादमा प्रस्तुत गरिएको छ भने स्थानीयकरणले स्थानीय भाषा क्षेत्र, जाति, प्रविधि सीपको संरक्षण र सम्वर्द्धन र विकासको बारेमा बोल्दछ । स्थानीयकरणमा आफ्ना मूल्य मान्यता अस्मिताको रक्षा हुन्छ, स्थानीयकरणले स्थानीय सीप र स्थानीय उत्पादनमा जोड दिन्छ । स्थानीयकरणमा सामुहायिक विकास हुन्छ, आत्मनिर्भरता बढ्छ राष्ट्रिय स्वाभिमान र गौरवमा पूर्खाहरूको गौरवको संरक्षणमा सहयोग पुग्छ भन्ने गहकिला भनाईहरू प्रस्तुत वादविवादमा सहभागी वक्ताहरूले भनिएको छ र पक्ष र विपक्षले दुवैको महत्त्व आ-आफ्नो ठाउँमा महत्त्वपूर्ण भएको कुरा प्रस्तुत स्थानीयकरण भन्दा विश्वव्यापीकरण बेस भन्ने वादविवादका माध्यमबाट प्रष्ट पारिएको छ ।

## *एकाङ्की*

छोटो कथावस्तु थोरै पात्र भएको दृश्य विधालाई एकाङ्की भनिन्छ । अथवा एकै अङ्कमा बाँधिएको नाटकलाई एकाङ्की भनिन्छ । संस्कृत भाषामा ‘भास’को समय देखि नै एकाङ्की नाट्यलेखन परम्परा रहेको पाइन्छ । संस्कृत साहित्यमा रूपक अन्तर्गतका अङ्कभाण, व्यायोग, वीथी, प्रहसन, ईहाटामृग र उपरूपक अन्तर्गतका गोष्ठी, नाट्यपरासक, उल्लाप्य, काव्य, प्रेङ्खण, श्रोगदित, विलासिका र हल्लीस आदि एकाङ्कीका समकक्षी मानिएका छन् ।

शब्दव्युत्पत्तिगत सन्दर्भ हेर्ने हो भने, एकाङ्की बाट 'एक+अङ्की' शब्दको निर्माण हुन्छ । यस व्युत्पत्ति अनुसार एक अङ्क भएको नाट्य विधालाई एकाङ्की मान्नु पर्ने देखिन्छ । एकाङ्कीका घटना-विशेषको प्रस्तुति हुने भएकाले आख्यानात्मक एउटा मात्रको घटनाको प्रस्तुति हुने भएकाले सङ्क्षिप्तता, नाट्यविधा भएकाले अभिनेयात्मकता र संवादात्मकता एकाङ्कीका विशेषताका रूपमा देखिन्छ (भण्डारी र अन्य, २०६८ : पृ.९९) ।

एकाङ्कीको फाटफुट प्रचलन पहिलेदेखि नै विभिन्न भाषाका साहित्यमा चलेको भएपनि इसाको २० औं शताब्दीको प्रारम्भिक समय देखि व्यापक रूपमा भएको पाइन्छ । एकाङ्की लेखनको परम्परा नेपाली साहित्यमा मात्र होइन अन्य उन्नत आधुनिक भारतीय साहित्य वङ्गाल र हिन्दी साहित्यमा पनि अङ्ग्रेजी साहित्यबाटै आएको हो । नेपाली साहित्यमा पनि बालकृष्ण सम देखि हालसम्मका लेखकहरूले सुन्दर र सशक्त एकाङ्की रचना गर्दै आएको पाइन्छ ।

एकाङ्की रूपकका भेदहरू मध्ये नाटक जस्तै सशक्त अभिनयात्यक स्वतन्त्र विधा हो । अभिनयका हिसाबले संवाद र वादविवाद भन्दा एकाङ्की बढी प्रभावकारी साहित्यिक विधा मानिन्छ । एक अङ्कमा पुरा हुने हुनाले यसमा थोरै पात्र, छोटो विषयवस्तु सीमित समय र घटनाहरूको अपेक्षा गरिन्छ । विद्यार्थीहरूको भाषिक सुझ र समझको विकास विभिन्न हाउभाउ, अङ्ग सञ्चालन र मुखमुद्राको माध्यमबाट दर्शकहरूको मन जित्ने सामर्थ्यको विकास गराउनका अतिरिक्त उनीहरूलाई रङ्गमञ्चीय ज्ञान, नाटकीय अभिव्यक्तिको कौशल संवादात्मक, वादविवादात्मक एवम् मनोवादात्मक अभिव्यक्तिको सामान्य कौशल सिकाउनका लागि एकाङ्की प्रयोगमा ल्याउन सकिन्छ (पौडेल, २०६९, पृ.१९०) ।

अत : साहित्यका कथा कविता निबन्ध जस्तै एकाङ्की अभिनेयात्मक नवीनतम विधा हो । एकाङ्की भनेको एक अङ्क मात्र हुने एक प्रकारको दृश्यात्मक विधा हो । यो नाटककै समरूप तर नाटक भन्दा सानो एक विशिष्ट प्रकारको नाट्य रूप हो यसमा नाटकमा जस्तो सिङ्गो जीवनको चित्रण नभएर जीवन वा परिस्थितिको एक विशेष क्षण वा घटनाको चित्रण हुन्छ ।

**‘टीका’ एकाङ्कीको विश्लेषण**

क) शीर्षक

प्रस्तुत एकाङ्कीको शीर्षक ‘टीका’ कथावस्तुका आधारमा सान्दर्भिक देखिन्छ। सम्पूर्ण कथावस्तु टीकाको दिनको सेरोफेरोमा घटेको छ। यस एकाङ्कीमा टीकाको दिन सम्म आफ्नो छोरो आइनपुग्दा आमैलाई चिन्ता लागेको छ। बेलुका सम्मा पर्खिदा पनि छोरो नआएपछि सासुले बुहारी सुन्तलीलाई टीका लगाइदिन लाग्दा छोरो आइपुगेको र घरमा खुशियाली छाएपछि आमैले सबैजनालाई टीका लगाइदिएको कथावस्तु यस एकाङ्कीमा रहेको छ। तसर्थ सम्पूर्ण कथा टीकाकै दिन घटेको र टीकामै केन्द्रित भएकाले यस एकाङ्कीको शीर्षक टीका सार्थक रहेको पाइन्छ।

ख) पात्र

प्रस्तुत एकाङ्कीमा जम्मा ४ जना पात्रहरू कमानसिंह, सुन्तली आमै र उनका नाति कालु रहेका छन्। यस एकाङ्कीको मुख्य पात्र आमै हुन भने कमानसिंह सुन्तली र कालुलाई सहायक पात्रका रूपमा लिइएको छ। विभिन्न कारणले विदेशिन बाध्य नेपालीलाई आमैका माध्यमबाट जे जस्तो भए पनि आफ्नो घर, गाउँ आफ्नो देश जस्तो ठाउँ अन्तयत्र हुदैन, पैसाका निम्ति आफ्नो पसिना अर्काको देशमा खन्याउनु हुँदैन, धेरै नेपालीले आफ्नै भूमिका काम पाएका यो सारा नेपाल हामी सबैको साझा घर हो। राष्ट्र बने मात्र आँफू खुसी हुन सकिन्छ भन्ने राष्ट्रवादी भाव यस एकाङ्कीमा आमैका माध्यमबाट व्यक्त गरिएको छ।

ग) उद्देश्य

प्रस्तुत ‘टीका’ एकाङ्की मार्फत नेपालबाट नेपाली युवकहरू विदेश जानुपर्ने बाध्यतालाई उजागर गरिएको छ। बढी कमाउने आशामा विदेशमा काम गर्न जाँदा अरुको दास भएर बाँच्नु पर्छ, पारिवारिक सुःखबाट बञ्चित हुनुपर्ने र दुःखै गर्नुपरेपछि आफ्नै देशमा परिश्रम गर्नुपर्छ। यो सारा नेपाल हामी सबैको साझा घर हो यसलाई राम्रो बनाउने जिम्मेवारी हामी सबैको छ। आफ्नो घर वा राष्ट्र बनेमात्र आँफू सुखी बन्न सकिन्छ त्यसैले प्रत्येक नेपालीले आफ्नो गाउँ ठाउँ र देशका निम्ति केही न केही गर्नुपर्छ भन्ने राष्ट्रप्रेमको संदेश दिने काम यस एकाङ्कीको उद्देश्य रहेको छ।

घ) निष्कर्ष

यस एकाङ्की मार्फत नेपालबाट नेपाली युवाहरू विदेश जानुपर्ने बाध्यतालाई उजागर गरिएको छ । युवाहरू विदेशिदा घरपरिवारलाई चिन्ता र मनोवैज्ञानिक दु:खलाई पनि यस एकाङ्कीले प्रकाश पारेको छ । बढी कमाउने आशामा विदेशमा काम गर्न जाँदा अरुको दास भएर बाँच्नुपर्ने हुन्छ । पारिवारिक सुखबाट बञ्चित हुनुपर्छ, अर्को देशमा गएर काम गर्दा उनीहरूकै देश सम्पन्न हुन्छ, हाम्रो देशमा उन्नती हुँदैन अरुको देशमा गर्ने दु:ख आफ्नै देशमा गर्ने यहाँ परिश्रम गर्दा सारा नेपालीको भलाइ हुन्छ भन्ने जस्ता स्वदेश प्रेमका पाठ सिकाउने काम यस एकाङ्कीले गरेको पाइन्छ । एक पेट खानाको लागि नेपालमा दु:ख छैन अरुको लहै लहैमा लागेर विदेश जाँदा दु:ख हण्डर खानुपर्दछ । चाडपर्व भन्न पाइदैन पैसा नै स्ख हो भन्ने संदेश यस एकाङ्कीले दिएको छ । नेपालमा कमानसिंह जस्ता कथा बोकेर बाँचेका कयौ युवा युवतीहरू  छन ती सबैलाई स्वावलम्वी भएर बाँच्न र स्वदेशको माया र प्रेममा बाँच्नका लागि प्रस्तुत एकाङ्कीले आग्रह गरेको छ । पारिवारिक सुख भन्दा अरु कुनै ठूलो सु:ख हुदैन एक पाइलो हिडेपनि आफ्नो भूइमा हिड्नुपर्छ, एक थोपा पसिना चुहाए पनि आफ्नै माटोमा चुहाउनुपर्छ भन्ने निष्कर्ष यस एकाङ्कीमा पाइन्छ ।

**रूपक विधाबाट भाषा सिकाइमा पुग्ने सहयोगको अध्ययन**

भाषा शिक्षण भाषिक सीप शिक्षणसँग सम्बन्धित रहेको छ । भाषा शिक्षण गर्दा भाषाका चार सीप विकासको लागि गरिन्छ । भाषिक सीपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीप पर्दछन् । तीनै भाषिक सीप हासिल गराउनको लागि माध्यमिक तहमा विभिन्न रूपक विधाका उपविधाका पाठहरू समावेश गरिएको छ । रूपक विधा विशेष गरी बोलाइ सीपसँग सम्बन्धित रहन्छ । यस अन्तर्गत संवाद दुई वा दुई भन्दा बढी व्यक्तिहरूको बीचमा कुनै विषयमा भएको कुराकानी भनेर बुझिन्छ । त्यस्तै बादविवादमा कुनै विषय र विपक्ष भएर तर्क वितर्क खण्डन मण्डन गरिन्छ । वक्तृतामा एउटा विषयमा सबैले आ-आफ्ना विचार प्रस्तुत गर्ने गरिन्छ । एकाङ्की नाटकको छोटो रूप भएकाले अभिनयात्मकता प्रस्तुत गरिन्छ । त्यस्तै मनोवादले मनका भावनाहरूलाई एकलाप रूपमा प्रस्तुत गर्दछ । यिनै कुराहरू रूपक विधा भित्र पर्दछ ।

रूपक विधाभित्र संवाद, वादविवाद मनोवाद र एकाङ्की लिने  गरिएको छ । यी सबैका मूल प्रयोजन भनेको कथ्य हो । यो दृश्यात्मक विधा भएकाले सुनाइ सीपको

विकासमा पनि यसलाई उपयोगमा ल्याउन सकिन्छ । यसले भाषिक अभिव्यक्ति मात्र होइन हाउभाउ, आङ्गिक सङ्केत, अनुकरण जस्ता भाषिकेत्तर पक्षको विकासमा समेत सहयोग पुऱ्याउँदछ । दर्शकहरूलाई मनोरञ्जन दिई सन्तुष्ट तुल्याउनका निम्ति पनि रूपक उपयोगी मानिन्छ (पौडेल, २०६९, पृ.१८९) ।

विद्यार्थीहरूको भाषिक सीप विकासमा सहयोग पुऱ्याउने हुँदा १० कक्षाको नेपाली पाठ्यपुस्तक (२०७४) मा रूपक विधाका पाठहरूलाई समावेश गरिएको छ उक्त पाठहरूको माध्यमबाट सुनाइ, बोलाइ, पढाइ लेखाइ जस्ता भाषिक सीपमा विद्यार्थीहरूलाई कसरी सहयोग पुऱ्याउँदछ भनी निम्नानुसार अध्ययन गरिएको छ :

*सुनाइ सीप*

सुनाइ भाषाको आधारभूत र प्रारम्भिक सीप हो । वक्ताद्वारा व्यक्त विषयलाई श्रोताले सुनेर त्यसमा रहेको अर्थ बोध गर्न सक्नुलाई नै सुनाइ भनिन्छ । सुनाइको अर्थ नै श्रवण वा सुन्नु हो अथवा सुनाइका माध्यमबाट कुनै पनि कुराको ग्रहण गर्ने कुरासँग सम्वन्धित छ । वक्ताद्वारा व्यक्त विषयलाई श्रोताले सुनेर अर्थबोध गर्न, सुने अनुसारको बोध तथा अभिव्यक्ति क्षमता बढाउन, साहित्यिक विधाका पाठ र विषयहरू सुनेर प्रतिक्रिया जनाउन र तिनीहरूको प्रस्तुति सुनी मौखिक प्रतिक्रिया व्यक्त गर्न, वादविवाद एकाङ्की र संवाद जस्ता अभिव्यक्ति सुनेर विचार पहिचान गर्न सुनाइ सीपको आवश्यकता पर्दछ । यस आधारमा हेर्दा सुनाइ शिक्षणको अर्थ सुनाइका माध्यमबाट कुनै पनि विषय सिकाउने कार्य हो । विद्यार्थीको निम्ति सुनाइको चरण भनेको श्रवणकला वा सुन्ने क्षमता विकासको महत्वपूर्ण चरण पनि हो भएकाले सुनाइ सीप पहिलो र मुख्य आधार विन्दु मानिएको छ ( पौडेल : २०६९, पृ.२०५) ।

सुनाइ सीपका आधारमा कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको रूपक विधा अन्तर्गतका पाठहरूको अध्ययन निम्नानुसार गरिएको छः

**क) सुनाइ सीप शिक्षणका आधारमा 'म पनि सक्छु' मनोवादको विश्लेषण :** मनोवाद भन्ने वित्तिकै मनभित्र गरिएको एकलाप हो । त्यसकारण आवज बाहिर ननिकालिने हुनाले त्यसमा सुनाइ तथा बोलाइ सीप शिक्षण गर्न कठिन हुन्छ तर पनि उक्त पाठलाई विद्यार्थीहरूलाई पालै पालो पठ्न लगाउने र अरु विद्यार्थीहरूलाई सुन्न लगाउने । यसरी हेर्दा उक्त पाठ सुनाइ सीप विकासका लागि उपयोगी छ । यसका साथै कक्षा १० को नेपाली पाठ्यपुस्तकमा 'म पनि सक्छु' शीर्षकको मनोवाद समावेश गरिएको छ । रूपक विधा अन्तर्गत पर्ने यस मनोवादले विद्यार्थीहरूमा प्रश्नोत्तर श्रुतिलेखन जस्ता सुनाइ सीपको विकासमा सहयोग पुऱ्याउँछ ।

**ख) सुनाइ सीप शिक्षणका आधारमा 'स्थानीयकरण भन्दा विश्वव्यापीकरण वेस' वादविवादको विश्लेषण :** वादविवाद शिक्षण गर्दा विद्यार्थीहरुलाई सक्रिय बनाएर उनीहरुलाई शिक्षकले पढेका अनुच्छेदहरु सुन्न लगाउनु पर्दछ र उक्त अनुच्छेदहरुबाट विभिन्न प्रश्नहरु गरेर उनीहरुले सुनेका आधारमा उत्तर भन्न लगाउनु पर्दछ । विद्यार्थीहरुलाई विभिन्न समूहमा विभाजन गरी वादविवादको अनुच्छेदहरु सस्वरवाचन गर्न लगाउने र अरु विद्यार्थीहरुलाई सुनेर अर्थ बोध गर्न लगाउने, वाचन गरिएको अनुच्छेदबाट विभिन्न प्रश्नहरु निर्माण गरी आ-आफ्नो विचार व्यक्त गर्न लगाउनु पर्दछ । पाठमा भएका उस्ताउस्तै सुनिने ध्वनि उच्चारण गर्नु र ती वर्णहरुवीच भिन्नता छुट्याउन लगाउनु पर्दछ । पाठमा भएका उस्ताउस्तै सुनिने ध्वनि उच्चारण गर्नु र ती वर्णहरुवीच भिन्नता छुट्याउन लगाउनु पर्दछ, सस्वरवाचन गरि सकेपछि बुँदा टिपोटहरु गर्न लगाउनु पर्दछ, पाठको सुनाइका आधारमा प्रश्नहरु निर्माण, श्रुतिरचना, श्रुतिलेख, अनुमान वस्तु वा घटना वर्णन जस्ता क्रियाकलापहरु गरेर विद्यार्थीहरुमा सुनाइ सीपको विकास गराउन सकिन्छ । यस स्थानीयकरण भन्दा विश्वव्यापीकरण वेस शीर्षकको वादविवादका माध्यमबाट अनुच्छेद सुनी प्रश्नको उत्तर दिने, श्रुतिलेखन, प्रश्नोत्तर जस्ता सुनाइका सीपहरूको विकास गर्ने उद्देश्य राखिएको छ ।

**ग) सुनाइ सीप शिक्षणका आधारमा 'टीका' एकाङ्कीको विश्लेषण :** यस पाठ्यपुस्तकमा रूपक अन्तर्गत 'टीका' शीर्षकको एकाङ्की समावेश गरिएको छ । 'टीका' एकाङ्की एक अभिनयात्मक पाठ भएकाले केही विद्यार्थीहरूलाई अभिनय गर्न लगाइन्छ । उक्त कार्यकलापमा विद्यार्थीले अभिनयात्मक हाउभाउ, आरोह अवरोह राख्दै बाचन गर्दछन् । यसरी बाचन गर्ने क्रममा उनीहरूको मुखमुद्रा हाउभाउ सहित बोल्ने क्रममा अन्य

विद्यार्थीले त्यो कुरा सुन्दा सुनाइ सीपको विकासमा सहयोग पुग्दछ । यसका साथै विद्यार्थीहरूले पात्र तथा चरित्रका बारेमा बताउने एकाङ्कीको सारांश बताउने कुनै पनि अनुच्छेदको श्रुतिलेखन गर्ने जस्ता क्रियाकलापका माध्यमबाट सुनाइ सीप विकास गर्न सकिन्छ ।

*बोलाइ सीप*

वक्ताको भाषिक प्रकटीकरणको कथ्य रूपलाई बोलाइ भनिन्छ । बोलाइसँग सम्बन्धित बनाएर गरिन औपचारिक शिक्षण नै मौखिक अभिव्यक्ति शिक्षण हो । सुनेका, देखेका, अनुभव गरेका, पढेका र मनमनै सोचेका कुरालाई विभिन्न ध्वनिप्रतिकहरूको माध्यमबाट अरु सम्म पुऱ्याउने भरपर्दो उपायका रूपमा बोलाइलाई लिने गरिएको छ । बोलाइ भाषिक अभिव्यक्तिको आधारभूत सीपसमेत भएकाले अपठित मानिसहरूका लागि धारणा व्यक्त गर्ने, निर्देशन दिने, हँसाउने रुवाउने, गिज्याउने, आवश्यकता बताउने, समवेदना र सहानुभूति प्रकट गर्ने जस्ता भाषिक व्यवहारको सबैभन्दा सरलतम एवम् मुख्य उपाय मानिन्छ (पौडेल, २०६९ पृ.२२१) ।

मानिस सामाजिक प्राणी भएकाले उसको भाषिक भूमिका पनि परिवार, छिमेकी, समाज, सामाजिक संस्था आदिका निम्ति पृथक रहने गर्दछ । यही पृथकताभित्र प्रत्येक मानिसले आफ्नो भाषिक व्यवहारमा सन्तुलन कायम गर्नुपर्ने हुन्छ । यसरी भाषिक व्यवहारमा सन्तुलन कायम गरी व्यक्तिगत एवम् सामाजिक भूीमका पूरा गर्नका लागि बोलाइ सीपमा दक्षता हाँसिल गर्नु अपरिहार्य भनिन्छ ।

बोलाइ सीपका आधारमा कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधा अन्तर्गतका पाठहरूको निम्नानुसार अध्ययन गरिएको छ :

**क) बोलाइ सीप शिक्षणका आधारमा 'म पनि सक्छु' मनोवादको विश्लेषण** : बोलाइ सीप विकासका लागि विद्यार्थीहरुलाई आफ्ना मनमा लागेका कुराहरु अरु समक्ष प्रस्तुत गर्न लगाउने, कक्षा कोठामै विभिन्न कार्यक्रमहरु आयोजना गरेर विद्यार्थीहरुलाई विभिन्न समूहमा विभाजन गरी सहभागी गराउने र आफ्ना भनाइहरु राख्न लगाउने यसो गर्नाले उनीहरुमा शुद्ध बोलाइको पनि विकास हुने गर्दछ । बोलाइ सीप विकास गराउनका लागि विभिन्न विषयका प्रसङ्गका गफ, कुराकानी, संवादहरु गराउनुपर्दछ । कुनै पनि वस्तु तथा चित्रहरुको

घटना वर्णनहरु गर्न लगाउनु पर्दछ । प्रस्तुत मनोवादलाई कक्षामा भएका विद्यार्थीहरूलाई पालै-पालो सस्वरवाचन गर्न लगाउने, पाठमा भए जसरी नै मनोवादहरू विद्यार्थीहरू आफैलाई रचना गर्न लगाउने र कक्षा मै प्रस्तुत गर्नले पनि बोलाइ सीप विकासमा सहयोग पुऱ्याउँदछ । साथै 'म पनि सक्छु' शीर्षकको मनोवादका अध्ययन पश्चात् विद्यार्थीहरूलाई कठिन शब्दहरूको शुद्धसँग उच्चारण गर्न, वाक्यमा प्रयोग गर्न कुनै पनि विषयवस्तुमा तर्क सहित जवाफ दिन, कक्षामा छलफल गरी कुनै निष्कर्षमा पुग्ने जस्ता बोलाइ सीपहरूमा निपुण बनाउने उद्देश्य लिइएको छ ।

**ख) बोलाइ सीपका आधारमा 'स्थानीयकरण भन्दा विश्वव्यापीकरण बेस' वादविवादको विश्लेषण :** सुनाइ पछि बढी प्रयोग हुने भाषिक सीप बोलाइ हो । मनमा लागेका कुराहरु अरु समक्ष प्रस्तुत गर्न बोलाइ सीपको आवश्यकता पर्दछ । लेखेर भन्दा कुनैपनि कुरा बोलेर सञ्चालन गर्न बढी सजिलो र सहभागिता मूलक हुन्छ । त्यसैले कुनै पनि अभिव्यक्ति वा विविध क्षेत्रमा दक्षता हासिल गर्न तथा शुद्ध बोलाइका निम्ति पनि बोलाइ सीप अपरिहार्य मानिन्छ । वादविवाद बोलाइ सीप विकासका लागि महत्त्वपूर्ण पाठ मानिन्छ । कक्षाको स्तर विद्यार्थीहरूको उमेर आदिलाई ख्याल गरी वादविवाद गराउनु पर्दछ । वादविवाद शिक्षण गर्दा विद्यार्थीहरूलाई पक्ष र विपक्षको वक्ता बनाएर उनीहरूको सक्रियता, हाउभाउ सहित प्रस्तुत गर्न लगाइन्छ । यसले गर्दा विद्यार्थीहरूमा औपचारिक रूपमा बोल्ने बानीको विकास हुन्छ । साथै स्थानीयकरण भन्दा विश्वव्यापीकरण बेस शीर्षकको वादविवादमा बोलाइ सीपको विकासका लागि शुद्धोच्चरण, प्रश्नोत्तर, छलफल जस्ता क्रियाकलापको छनोट गरी विद्यार्थीहरूलाई बोलाइ सीपहरूमा सक्षम बनाउने उद्देश्य लिइएको छ ।

**ग) बोलाइ सीपका आधारमा 'टीका' एकाङ्कीको विश्लेषण :** 'टीका' एकाङ्की एक अभिनयात्मक पाठ भएकाले विद्यार्थीहरूलाई विभिन्न भूमिकामा अभिनय गर्न लगाएर बोलाइ सीपको विकास गराउन सकिन्छ । उक्त कार्यकलाप गराउँदा विद्यार्थीहरूलाई अभिनयात्मक हाउभाउ, आरोह-अवरोह राख्दै वाचन गर्न लगाउनु पर्दछ । यसो गर्नले विद्यार्थीको बोलाइ सीप विकासमा सहयोग पुऱ्याउँदछ यसका साथै नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको यस एकाङ्कीको माध्यमबाट बोलाइ सीप विकासमा सहयोग पुऱ्याउनका निम्ति वाक्यमा प्रयोग, प्रश्नोत्तर, संवादबारे छलफल जस्ता क्रियाकलापहरू समावेश गरिएको छ ।

*पढाइ सीप*

लिपिका माध्यमबाट लिखित स्वरूपमा प्रस्तुत गरिएका सामग्रीलाई आँखा र मस्तिष्कका माध्यमबाट ग्रहण गर्नु पढाइ हो । भाषाका चार आधारभूत सीपमध्ये पढाइ एक महत्त्वपूर्ण सीप हो । पढाइ सीपलाई सुनाइ र बोलाइ सीपपछिको तेस्रो सीपका रूपमा लिइन्छ । भाषाका ग्रहण र अभिव्यक्ति सीपमध्ये पढाइ ग्रहण सीप अन्तर्गत पर्दछन् । त्यस्तै भाषाका कथ्य र लेख्य सीपअन्तर्गत पर्दछ । सुनाइ र बोलाइ सीप भाषाका प्रारम्भिक सीप हुन् भने पढाइ र लेखाइ त्यसभन्दा माथिल्ला सीप हुन् । सुनाइ र पढाइ दुवै ग्रहण सीप भए पनि सुनाइ सीप आधारभूत र अति सामान्य खालको सीप हो भने पढाइ सुनाइ भन्दा बढी जटिल खालको सीप हो । सुनाइ र बोलाइ सीपको विकास शिक्षण विना नै सहज र स्वभाविक तरिकाले हुन सक्छ भने पढाइ सीपको विकास गर्न शिक्षणको आवश्यकता पर्दछ । पढाइ भनेको केवल पढ्नु मात्र नभई पढेको कुरा बुझ्नु हो ।

पढाइ सीपको आधारमा कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधा अन्तर्गतका पाठहरूको निम्नानुसार अध्ययन गरिएको छ ।

**क) पढाइ सीपको आधारमा 'म पनि सक्छु' मनोवादको विश्लेषण :** पढाइ सीप विकासका लागि सर्वप्रथम शिक्षक विद्यार्थीहरुलाई पाठलाई सस्वर वाचन गराउने सस्वर वाचनले विद्यार्थीहरुमा कुनै वाक्य, शब्द तथा पाठलाई शुद्ध र स्पष्टसँग पढ्ने बानीको विकास गराउँदछ । पढाइसीप विकासका लागि पाठमा प्रयुक्त लेख्य चिह्नहरुको ख्याल गरी स्वस्वर पठन गर्न लगाउने । विद्यार्थीहरुलाई नै मनोवाद रचना गर्न लगाउने र कक्षामा पढ्न लगाउनु पर्दछ । विद्यार्थीहरुलाई पढाइ सीपको विकास गराउनका निम्ति सस्वर पठन र मौन पठन गराउनुपर्दछ । मनोवाद शिक्षण गर्दा विद्यार्थीमा पठनबोध शिक्षण गर्न सकिन्छ । यसरी शिक्षण गर्दा विद्यार्थीहरूलाई सस्वरवाचन गर्न लगाइन्छ त्यसैले सस्वरवाचन गर्दा विद्यार्थीमा सबै शब्द उच्चारण गर्न लगाइन्छ । यसो गर्दा पढाइ सीप विकासमा सहयोग पुग्दछ ।

'म पनि सक्छु' मनोवाद एक उत्प्रेरणात्मक मनोवाद हो । यसका माध्यमबाट अनुच्छेद पढ्न, शुद्धोच्चारण, स्पष्ट रूपमा कुनै पनि विषय पढ्न सक्नु जस्ता क्रियाकलाप गराइ पढाइ सीप विकास गर्ने अभ्यासहरू यस पाठमा समावेश गरिएको छ ।

**ख) पढाइ सीपको आधारमा 'स्थानीयकरण भन्दा विश्वव्यापीकरण बेस' बादविवादको विश्लेषण** : वादविवाद शिक्षण गर्दा विद्यार्थीहरूलाई सक्रिय बनाएर र उनीहरूलाई पढ्न लगाइने क्रियाकलाप रहेकाले उक्त पाठ शिक्षण गर्दा विद्यार्थीलाई पढ्न लगाइन्छ । विद्यार्थीहरूले उक्त पाठ शिक्षण गर्दा कठिन परेका शब्दहरू पनि पहिचान हुने गर्दछन् । यस पाठबाट पढाइ सीपको विकास गर्न बालबालिकाहरूलाई वादविवादमा भाग लिन, पालै पालो बोल्न, उद्घोषण सभापति आदिको भूमिकामा पनि विद्यार्थीहरूलाई सहभागि गराउने गर्नुपर्दछ । पढाइ सीप आर्जनका लागि सस्वरवाचन र मौनवाचन पनि गराएर त्यसमा भएका मुख्य-मुख्य कुरा बताउन लगाउने तथा पाठमा भएका विविध शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गराइ शब्द भण्डारमा वृद्धि गराउन सकिन्छ साथै 'स्थानीयकरण भन्दा विश्वव्यापीकरण बेस' शीर्षकको बादविवादले पढाइ सीप विकासका लागि हाउभाउ सहित पाठका अनुच्छेदहरू पढ्ने पढिएका पाठबाट सोधेका प्रश्नको जवाफ दिने सारांश भन्ने, बुँदा टिपोट गर्ने र प्रश्न बनाउने जस्ता क्रियाकलापहरू समावेश गरिएको छ ।

**ग) पढाइ सीपको आधारमा 'टीका' एकाङ्कीको विश्लेषण** : रूपक विधा अन्तर्गत समावेश गरिएको 'टीका' शीर्षकको एकाङ्की पाठमा पढाइ सीपको विकासका लागि हाउभाउ सहित संवाद पठन, पढिसके पछि उक्त पाठबाट आफूले बुझेका कुरा तार्किक ढङ्गले अरु समक्ष राख्न, सोधिएका प्रश्नहरूको मौखिक उत्तर दिन जस्ता क्रियाकलाप समावेश गरिएको छ । जसको माध्यमबाट पढाइ सीप विकासमा सहयोग पुग्दछ ।

***लेखाइ सीप***

लेखाइ भाषाको उत्तरवर्ती सीप हो । आफ्ना भावना विचार, अनुभव तथा अनुभूतिहरूलाई लिपिबद्ध भाषामा व्यक्त गर्ने सीपलाई लेखाइ सीप भनिन्छ । भाषाका ग्रहण र प्रकटन सीपमध्ये लेखाइ प्रकटन सीप अन्तर्गत पर्दछ । लिखित भाषाको माध्यमबाट व्यक्त गरिएका विचार तथा भावनालाई सजिलैसँग सङ्ग्रह गरेर राख्न सकिन्छ ।

सुने, जाने पढेका र अनुभव गरेका कुराहरूलाई स्थायित्व प्रदान गर्नका निम्ति लेख्य माध्यमलाई रोजिन्छ । लिखित अभिव्यक्ति लेखाइ लिपिचिह्नमा प्रकट हुने हुनाले भावका चार सीपमध्ये यो अन्तिम तर महत्त्वपूर्ण सीप मानिन्छ । लेखाइ सीपको मूल प्रयोजन पनि विद्यार्थीहरूलाई मस्तिष्कमा रहेका कुराहरू लिपिचिह्नमा प्रकट गर्न सक्ने बनाउनु, आर्जित ज्ञानलाई संरक्षण गर्न सक्ने बनाउनु, बिर्सने कमजोरी रहेको भए

त्यसलाई कम गर्दै लानुपर्छ भन्ने सुझको विकास गर्ने कुराहरूसँग लेखाइ सीप सम्बन्धीत रहेको छ (पौडेल २०६९, पृ.३०९) ।

लेखाइ सीपका आधारमा कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधा अन्तर्गतका पाठहरूको निम्नानुसार विश्लेषण गरिएको छ :

**क) लेखाइ सीपको आधारमा 'म पनि सक्छु' मनोवादको विश्लेषण** : लेखाइ सीप विकासमा विद्यार्थीहरुलाई निपूण बनाउनका निम्ति अनुलेखन गर्न लगाउने लिखित सामग्री वा कुनै वाक्य वा अनुच्छेद जस्ताको तस्तै सार्न लगाउनु पर्दछ, विद्यार्थीहरुलाई कुनै वाक्य, अनुच्छेद तथा पाठ सुनाएर लेख्न लगाउने, कुनै घटना देखाएर त्यसको लिखित वर्णन वा आफूमा घटेका घटना वा अनुभवको बारेमा लेख्न लगाउने, पाठका अभ्यास खण्डका विभिन्न प्रश्नहरुको उत्तरलेख्न लगाउने, पाठका आधारमा बुँदा टिपी अनुच्छेद लेख्न तथा पढिसकेपछि पाठको सारांश लेख्न लगाउनु पर्दछ । लेखाइ सीप विकासका लागि पाठ्य विधा जस्तै मनोवाद रचना गर्न लगाउने । मनोवाद शिक्षण गर्नु नै विद्यार्थीमा मनोवाद लेख्न सक्ने क्षमताको विकास गराउनु हो । त्यसकारण उक्त मनोवाद शिक्षण गर्दा सोही किसिमको विषय दिएर मनोवादलेख्न साथै पाठको शब्द दिएर वाक्यहरू बनाउन लगाउन सकिन्छ । साथै कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको रूपक विधा भित्र समावेश गरिएको 'म पनि सक्छु' मनोवादका माध्यमबाट प्रश्नको सङ्क्षिप्त उत्तर लेखन, भाव विस्तार, विवेचनात्मक उत्तर लेखन, तर्क सहित आफ्नो धारणा लेख्न सक्ने सीपको विकास अनुभव वर्णन गर्न, बुँदा टिपोट गर्न, यात्रा वर्णन, अनुलेखन, अनुच्छेद लेखन, प्रश्नोत्तर लेखन जस्ता सीपको विकास हुने उद्देश्य लिइएको पाइन्छ ।

**ख) लेखाइ सीपको आधारमा 'स्थानीयकरण भन्दा विश्वव्यापीकरण वेस' वादविवादको विश्लेषण** : वादविवादले मूलत : भाषाको लेख्य रूपलाई भन्दा कथ्य रूपलाई जोड दिएको पाइन्छ । वादविवादमा आफ्ना पक्षको समर्थन र विपक्षको विचारको खण्डन गरिन्छ तर नेपाली भाषा पाठ्यक्रमले वादविवाद पाठ राख्नुको उद्देश्य कथ्य सीपको अतिरिक्त लेख्य सीपमा जोड दिनुरहेको । त्यसैले विद्यार्थीहरूलाई यो पाठ मौनपठन गराउनुपर्दछ । मौनपठन पछि विद्यार्थीहरूलाई पाठका केही अंश पढी सारांश लेख्न, श्रुतिलेखन गर्न र वादविवादका पक्ष वा विपक्षबाट भनिने भनाइ तयार पार्न लगाउँदा भाषाको लेखाइ सीपमा मद्दत पुग्दछ । यसका अतिरिक्त पाठमा भएका कठिन शब्द र तिनको प्रयोगबाट स्तर

अनुसारको शब्दभण्डारमा वृद्धि गराउन सकिन्छ साथै स्थानीयकरण भन्दा विश्वव्यापीकरण वेस शीर्षक वादविवादका माध्यमबाट कक्षा १० का विद्यार्थीहरूमा पयार्यवाची शब्द लेख्न श्रुतिलेखन गर्न, वाक्यमा प्रयोग गर्न, प्रश्नको उत्तर लेख्न, भाव विस्तार गर्ने जस्ता लेखाइका सीप विकास गर्ने उद्देश्य लिइएको छ ।

**ग) लेखाइ सीपका आधारमा 'टीका' एकाङ्कीको विश्लेषण :** रूपक विधा बढी बोलाइ सीपसँग निकट रहन्छ । यस एकाङ्कीमा रहेका केही अनुच्छेदहरू पढेर उत्तर लेख्न लगाउन सकिन्छ । त्यस अनुच्छेदमा रहेका विभिन्न शब्दहरूलाई वाक्यमा प्रयोग गरी लेख्न लगाउन सकिन्छ । यिनै कुराहरूको क्रियाकलापबाट लेखाइ सीपको विकास गराउन सकिन्छ साथै कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको 'टीका' शीर्षकको एकाङ्कीका माध्यमबाट कुनै विषयमा तर्क सहित धारणा लेख्न, सङ्क्षिप्त उत्तरात्मक प्रश्नको उत्तर दिन, सप्रसङ्ग व्याख्या गर्न, संवाद लेखन गर्ने जस्ता लेखाइ सीपहरूको विकास हुन्छ ।

**रूपक विधाको शैक्षिक तथा मनोवैज्ञानिक पक्षको विश्लेषण**

कुनै पनि साहित्यिक विधा पाठ्यपुस्तकमा समावेश गर्नु अगाडि विद्यार्थीहरूमा त्यस साहित्यिक विधाका पाठहरूले पार्ने शैक्षिक तथा मनोवैज्ञानिक पक्षको गहन ढङ्गले अध्ययन गरिएको हुन्छ । विद्यार्थीको भाषिक सीप विकासको पक्षलाई मात्र नहेरी ती पढ्ने विद्यार्थीहरूको मनमस्तिष्कमा पर्ने प्रभावको पनि अध्ययन गरी त्यस्ता पाठहरू समावेश गरिएको हुन्छ । कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७४) मा समावेश गरिएको रूपक विधाका पाठहरूका माध्यमबाट विद्यार्थीहरूका शैक्षिक तथा मनोवैज्ञानिक पक्षको विकासमा समेत सघाउ पुऱ्याउने देखिन्छ । रूपक विधा अन्तर्गत समावेश गरिएको मनोवादले मनका भावनाहरू श्रृङ्खलित रूपले राख्न सिकाउनका साथै मनमा आएका नकारात्मक सोचहरूलाई सकरात्मक सोचमा बदल्न र लक्ष्य सहित अगाडि बढ्न प्रेरणा दिन्छ । त्यसैगरी वादविवादले अरुका विचारको खण्डन गर्न, त्रुटिरहित आफ्ना विचार प्रस्तुत गर्न र आफ्ना मनमा रहेर डर, त्रास र सङ्कोच जस्ता मानसिक समस्याहरू हटाउन सहयोग गर्ने देखिन्छ । त्यसैगरी यस पाठ्यपुस्तकमा समावेश गरिएको एकाङ्कीले संवाद कसरी बोल्ने, अङ्ग सञ्चालन र मुखामुद्राको माध्यमबाट दर्शकहरूको मन जित्ने सामर्थ्यको विकास गर्नु

गराउनका अतिरिक्त उनीहरूलाई रङ्ग मञ्चीय ज्ञान, नाटकीय अभिव्यक्ति कौशल सिकाउन समेत उपयोगमा ल्यान सकिन्छ ।

कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७४) मा समाविष्ट रूपक विधाले विद्यार्थीहरूको शैक्षिक तथा मनोवैज्ञानिक पक्षको विकासमा पुऱ्याउने सहयोगका बारेमा निम्नानुसार चर्चा गरिएको छ :

*रूपक विधाले शैक्षिक पक्षमा पुऱ्याउने सहयोग*

माध्यमिक तहको पाठ्यक्रम २०७१ ले कक्षा १० को नेपाली पाठ्यपुस्तकका लागि छुट्टइएको रूपक विधाका पाठहरू विद्यार्थीहरूको कथ्य अभिव्यक्ति क्षमताको विकास हाउभाउ, आरोह अवरोह तथा अभिनयसहित बोल्ने क्षमताको विकास अर्काको बानी तथा व्यवहार अनुकरण गरी अभिव्यक्त गर्ने क्षमताको विकास, तार्किक एवम् बौद्धिक क्षमता विकास, परिस्थितिअनुसार अभिनयात्मक ढङ्गले सिलसिला मिलाइ बोल्ने क्षमता बढाउन, अभिनयात्मक तथा संवादात्मक भाषिक कलामा दक्ष बनाउने, कुनैपनि विषयप्रति तर्क-बितर्क गर्ने क्षमता विकास गर्ने, स्वतन्त्र तथा निर्देशित रचना कोशल बृद्धि गर्न, भाषाका बोध र अभिव्यक्ति सीपको विकास गर्न पठनबोध क्षमता बढाउने संवाद वादविवाद, मनोवाद र एकाङ्की रचना गर्न सक्ने क्षमताको विकासमा सहयोग पुऱ्याउँछ । रूपक विधाका पाठहरूको अध्ययनले विद्यार्थीहरूमा सिर्जनशील क्षमताको विकास गराउँदछ साथै विभिन्न प्रकारका कल्पनाहरू गरे विभिन्न शीर्षकमा मनोवाद, वादविवाद, रचना गर्दा कल्पना शक्तिको विकास हुने गर्दछ यसलाई पनि रूपक विधाको शैक्षिक उपलब्धी मानिन्छ । रूपक विधाले माध्यमिक तहका विद्यार्थीहरूलाई साहित्यप्रति रुचिजगाई पठनबोध क्षमताको पनि वृद्धि गराउँदछ । यी सम्पूर्ण कुराहरूको अभिवृद्धि हुनु नै रूपक विधा शिक्षणको शैक्षिक प्रयोजन मान्न सकिन्छ ।

यसका साथै रूपक विधाको शिक्षण पश्चात विद्यार्थीहरूले अरुले बालेको कुराहरूको विश्लेषण गर्न सक्छन्, पढेर जानेका कुराहरू उपयुक्त लय, सुर, आघात, चेष्टा र हाउभाउ मिलाएर मौखिक रूपमा रूपमा व्यक्त गर्न सक्छन् । व्याकरणका आधारभूत तत्त्वहरू बुझेर तिनको समुचित प्रयोग गर्न सक्छन्, कुनै संवादात्मक विवादात्मक विषयमा प्रसङ्गअनुसार तर्कपूर्ण ढङ्गले बोल्न सक्ने क्षमताको विकासमा पनि रूपक विधाको पाठहरूले सहयोग गरेको पाइन्छ ।

*रूपक विधाले मनोवैज्ञानिक पक्षमा पुऱ्याउने सहयोग*

कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७४) मा रूपक विधा अन्तर्गत ३ वटा पाठहरू समावेश गरिएको छ । जसमा मनोवाद, वादविवाद र एकाङ्की रहेका छन् । यी पाठहरू पाठयपुस्तकमा समावेश गर्दा विद्यार्थीको सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको मात्रै विकास गर्ने नभइ विद्यार्थीको मनोविज्ञानमा समेत सकरात्मक प्रभाव पार्ने किसिमका रूपक विधा अन्तर्गका पाठहरू समावेश गरिएका छन् । कुनै पनि साहित्यिक विधा अध्ययन गर्दा विद्यार्थीको शैक्षिक पक्षको साथसाथै मनोवैज्ञानिक पक्षको पनि सँगसँगै विकास भइ रहेको हुन्छ । कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको 'म पनि सक्छु' शीर्षकको मनोवादको अध्ययन पछि आफूले आँफैलाई कमजोर सम्भिmन नहुने, अपाङ्गता भएको हीनता बोधको भावना बोक्न नहुने, लक्ष्यमा पुग्नका लागि कडा परिश्रम गर्नुपर्ने सकरात्मक सोचका साथ अगाडि बढ्नुपर्ने जस्ता उत्प्रेरणात्मक सन्देश प्रवाह गर्दै विद्यार्थीहरूमा सकारात्मक उर्जा प्रदान गरी उनीहरूको मनोबल उच्च बनाउने लक्ष्य लिएको पाइन्छ ।

त्यसैगरी 'स्थानीयकरण भन्दा विश्वव्यापीकरण बेस' शीर्षको वादविवादको अध्ययन पछि विद्यार्थीहरूलाई बिना डर आफ्ना विचारहरू प्रस्तुत गर्न, सङ्कोच हटाउन, म कसैका अगाडि गएर आफ्ना तर्क राख्न सक्दिन कि भन्ने धारणा हटाई विना हिचकिचाहट आफ्ना विचार प्रस्तुत गर्न सहयोग पुऱ्याउँदछ । पाठ्यपुस्तकमा रहेको रूपक विधा अन्तर्गतको अन्तिम पाठ भने एकाङ्की रहेको छ । 'टीका' शीर्षकको यस एकाङ्कीको माध्यमबाट देशभक्ति झल्किने विषयवस्तुको उठान गर्दै आमै पात्रका माध्यमबाट देश मा नै गरिखाए सन्तोक हुने, आफ्नो देश र आफ्ना मान्छेका साथमा रहँदो सुख मिल्ने कुरा बताउँदै विद्यार्थीहरूमा देश प्रेमको भावना जगाउन विषयवस्तु समावेश गरिएको छ । यस एकाङ्कीका माध्यमबाट विद्यार्थीलाई आफ्नै देशमा बस्दा खुसी मिल्छ भन्ने सन्देश प्रवाह गरिएको छ । यसले विद्यार्थीको मनोविज्ञानमा सकारात्क्म प्रभाव पार्दछ । यसरी यस पाठ्यपुस्तकमा रहेको रूपक विधा अन्तर्गतका पाठहरूको मनोवैज्ञानिक पक्षको अध्यापन गर्दा विद्यार्थीहरूको मनोविज्ञानमा सकारात्मक उर्जा जगाउने, उत्प्रेरणात्मक, सङ्कोच, डर जस्ता मानसिक कमजोरीलाई शक्तिमा बदल्न प्रेरणा दिने रूपकका पाठहरू समावेश गरिएको पाइन्छ ।

**रूपक विधाका सबल तथा दुर्बल पक्षहरू र कमीकमजोरी हटाउने उपायहरू**

कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७४) मा समाविष्ट रूपक विधाको अध्ययन तथा विश्लेषण गरी रुपकमा देखिएका सबल र दुर्बल पक्षहरू पत्ता लगाई कमिकमजोरी हटाउनका लाीग आवश्यक उपायहरूको खोजि गरिएको छ । जसका लागि भाषा सम्बन्धि पुस्तकहरू, शोधपत्रहरू, भाषा पाठ्यक्रम, समालोचनात्मक पत्रिका जस्ता सामग्रीहरूलाई आधार मानिएको छ ।

***सबल पक्ष***

माध्यमिक तह कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७४) मा समाविष्ट गरिएको रूपक विधाअन्तर्गतका पाठहरूको अध्ययन तथा विश्लेषण गर्दा विद्यार्थीहरूको उमेर, तह, स्तर, अनुरूपका पाठहरू समावेश गरिएको छ । उक्त पाठ्यपुस्तकको अध्ययन गर्दा निम्नानुसारका सबल पक्षहरू रहेको पाइयो :

क) नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरे अनुसार रूपक विधा समावेश हुनु,

ख) पाठ्यक्रमले तोकेको साधारण उद्देश्य र विशिष्ट उद्देश्यलाई ध्यानमा राखेर विभिन्न विधाहरू समावेश गरिनु,

ग) पाठ्य सामग्री समय सापेक्ष, उपयोगी र व्यवहारमूलक बनाउने अभीष्ट राख्नु,

घ) विद्यार्थीहरूको पठन कौशल रचना कौशल तथा शब्दभण्डारको विकासमा जोड दिनु,

ङ) विद्यार्थीको रुचि, आवश्यकता क्षमतालाई ध्यानमा राखेर विधा चयन हुनु,

च) भाषाका सीप विकास गराउने उद्देश्य अनुसार नै रूपक विधा चयन गरिनु ।

***दुर्बल पक्ष***

माध्यमिक तह कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७४) मा रूपक विधा अन्तर्गतका ३ वटा पाठहरू समावेश गएिका छन् । उक्त पाठहरू विद्यार्थीहरूका रुचि तह क्षमता आवश्यकता अनुकूल रहेको पाइन्छन् । रूपक विधा अन्तर्गतका यी पाठहरूको माध्यमबाट भाषिक सीप गराउने लक्ष्य राखिएको पाइन्छ । धेरै सबल पक्ष हुँदाहुँदै पनि

यस पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधा अन्तर्गत समाविष्ट पाठहरूमा केही कमजोरीहरू रहेका छन् :

१. भाषिक सीप विकासमा रूपक विधा अत्यन्त आवश्यक भएपनि अन्य विधाको तुलनामा कम पाठ समावेश गरिनु,

२. माध्यमिक तहमा रूपक विधा समावेश गर्दा अभिनयात्मक भएका एकाङ्की नाटक बढी रुचाउने हुँदा हुँदैपनि ती कम मात्रामा प्रयोग हुनु,

३. भाषिक सीप समान रूपमा विकास गराउने खालको पाठ समावेश भएको नपाइनु,

४. माध्यमिक तहको पाठ्यपुस्तकमा समाविष्ट वादविवाद पाठमा प्रयुक्त केही शब्दहरू क्लिष्ट शब्दहरू पाइनु,

५. विद्यार्थीको रुचि स्तर, तह, क्षमता आवश्यकता र पृष्ठ भूमिलाई ख्याल गरेर विषयवस्तु तथा शब्दभण्डार छनोट नगरिनु,

६. सिकाइको मनोवैज्ञानिक क्रमअनुसार सरल देखि जटिलको क्रममा पाठहरू प्रस्तुत नगरिनु,

***कमजोरीहरू हटाउने उपायहरु***

कमजोरीहरू हटाउनका लागि निम्नानुसार उपायहरू सुझाइएको छ :

१) भाषिक सीप आर्जनमा भाषाका अन्य विधा कथा, कविता, निबन्ध, प्रबन्ध र जीवनीले भन्दा रूपक विधाले बढी प्रभाव पार्ने हुँदा सबै विधाका समान सङ्ख्यामा पाठहरू समायोजन गरिनु पर्दछ ।

२) भाषिक सीपहरू समान रूपमा विकास गराउने खालका पाठहरू समावेश गरिनु पर्दछ ।

३) माध्यमिक तहको पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका पाठमा सरल भाषाको प्रयोग गर्नुपर्दछ ।

४. विद्यार्थीको रुचि स्तर तह र क्षमता र पृष्ठभूमिलाई ख्याल गरेर शब्दभण्डार छनोट गरिनु पर्दछ ।

५. सिकाइको मनोवैज्ञानिक क्रमअनुसार सरल देखि जटिलको क्रममा पाठहरू प्रस्तुत गरिनु पर्दछ ।

# परिच्छेद पाँच

# निष्कर्ष तथा सुझाव

## निष्कर्ष

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा निर्मित माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१) अनुरूप कक्षा १० को नेपाली पाठयपुस्तक (२०७४) मा समावेश गरिएको रूपकहरूको अध्ययन तथा विश्लेषणबाट देहायबमोजिमका निष्कर्षहरू निकालिएको छ :

१) कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका जम्मा ३ ओटा पाठहरू समावेश गरिएको छ । जसमा मनोवाद, वादविवाद र एकाङ्की रहेका छन् ।

२. पाठ्यक्रममा अङ्कभार स्पष्ट रूपमा छुट्टइएको छैन ।

३. पाठ्यक्रममा शिक्षण गर्ने विधागत रूपमा समय र अङ्क विभाजन गरिएको छैन ।

४. कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक शिक्षणको औचित्य भाषिक सीप विकास गर्नु हो । भाषिक सीप सुनाइ बोलाइ पढाइ लेखाइ र भाषिक सीप विकासका दृष्टिले हेर्दा बोलाइ सीप विकासमा रूपक विधा बढी सक्षम देखिन्छ । बोलाइ सीपका तुलनामा अन्य सीप विकासमा त्यति धेरै ख्याल नगरिएको पाइन्छ ।

५. बोलाइ सीपको विकास गर्न भने यस पाठ्यपुस्तकमा समावेश गरिएको रूपक विधाका पाठहरू सक्षम देखिन्छन् ।

६. कक्षा १० को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट ‘स्थानीयकरण भन्दा विश्वव्यापीकरण वेस’ शीर्षकको वादविवाद र ‘टीका’ शीर्षकको एकाङ्की जस्ता पाठहरूबाट निङ्कोच आफ्ना तर्कहरू प्रस्तुत गर्न सक्ने सीपको विकास गर्न खोजिएको छ ।

७. आकारगत दृष्टिले हेर्दा रूपक विधा अन्तर्गतका पाठहरू शुरुमा छोटा र पछाडि केही लामा पाठहरू समावेश गरिएको छ ।

८. क्षेत्र निर्धारणका आधारमा यस पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधा पाठ्यक्रम अनुरूप नै रहेको पाइन्छ ।

९. कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश रूपक विधाका सबै पाठहरू विद्यार्थीको क्षमता र स्तर अनुरूपनै रहेका भएता पनि शब्दभण्डारको हिसाबले वादविवादमा प्रयुक्त शब्दभण्डार केही जटिल तथा क्लिष्ट रहेका पाइन्छ ।

१०. कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका पाठहरू अभिनय क्षमता विकासका लागि अति नै प्रभावकारी देखिन्छन् ।

११. यस पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधाका पाठहरूले विद्यार्थीको शैक्षिक तथा मनोवैज्ञानिक पक्षको विकासमा सहयोग पुग्ने देखिन्छ ।

१२. विद्यार्थीमा रहेका डर सङ्कोच जस्ता भावनाहरू हटाइ निर्धक्कसँग आफ्ना तर्क पेस गर्न सक्ने क्षमताको विकासमा यस पाठ्यपुस्तकमा रहेका रूपक विधाका पाठहरू संक्षम देखिन्छन् ।

**सुझावहरू**

यस शोधकार्यका क्रममा रूपक विधा सम्बन्धी विभिन्न पुस्तकहरू, भाषिक सीप शिक्षण सम्बन्धी पुस्तकहरू, माध्यमिक तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा दिइएका रूपक विधाहरूको प्रत्यक्ष तुलनात्मक रूपमा अध्ययन विश्लेषण गरी यस शोधकार्यलाई निष्कर्षमा पुऱ्याइएको छ । जसलाई नीतिगत, अभ्यास तह र अनुन्धान गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

*नीतिगत तहका लागि सुझाव*

प्रस्तुत अध्ययनमा कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७४) मा समाविष्ट रूपक विधा अन्तर्गतका पाठहरूको अध्ययन गर्दा नीतिगत तहले निम्नलिखित कुरामा सचेत रहनु पर्ने देखिन्छ :

१. शिक्षणकार्यलाई उद्देश्यपूर्ण बनाउनका लागि वा विद्यार्थीको उपलब्धि स्तर वृद्धि गराउनका लागि कक्षा शिक्षणमा योजनाबद्ध ढङ्गले पाठयोजना तयार पारी पाठ्यवस्तुको किटानीका साथ शिक्षण गर्नु अपरिहार्य हुन्छ ।

२. पाठ्यक्रममा उद्देश्यहरू तथा रूपक विधाका उद्देश्य परिपुर्ति हुने किसिमका क्रियाकलापमा जोडदिनुपर्ने हुन्छ ।

३. रूपक विधाको छनोट गर्दा विद्यार्थीहरूको उमेर तह स्तर र रुचिलाई विशेष ध्यान दिनुपर्ने ।

४. भाषाका सबै सीपहरूलाई समान रूपले वितरण गर्नुपर्ने ।

५. कक्षा १० नेपाली पाठ्यपुस्तकलाई समय सापेक्ष परिमार्जन गर्न ।

६. पाठ्यपुस्तकमा समावेश गरिने रूपक विधालाई पाठ्यक्रम अनुरूप समावेश गर्न ।

७. पाठ्यक्रमले निर्देश गरे अनुसार रूपक विधाका पाठहरूको छनोट गर्न ।

८. विद्यार्थीहरूको क्षमता र मनोविज्ञानको अध्ययन गरी रूपक विधाका पाठहरू चयन गर्नुपर्ने ।

*अभ्यास तहका लागि सुझाव*

अभ्यास तहका लागि निम्नानुसार सुझावहरू प्रस्तुत गरिएका छन् :

१. पाठ्यक्रम अनुरूपको रूपक विधाका पाठहरू पाठ्यपुस्तकमा समावेश गर्दा उपयुक्त हुने देखिन्छ ।

२. विद्यार्थीको रुचि तह र आवश्यकता अनुसारका रूपक विधाका पाठहरू समावेश गरिनु पर्छ ।

३. विद्यार्थी सक्रियतालाई मुख्य रूपमा ख्याल गर्नुपर्दछ ।

४. रूपक विधिलाई अर्थपूर्ण र प्रभावकारी बनाउनका लागि शिक्षण विधिको विविधिकरणमा ध्यान दिनु पर्ने देखिन्छ ।

५. माध्यमिक तहमा जति मात्रामा रूपक विधाका पाठहरू समावेश भएका छन् ती भन्दा बढी पाठहरू समावेश गरिनु पर्छ ।

६. रूपक शिक्षण गर्दा शिक्षकले सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीप विकासका लागि उपयुक्त शैक्षिक सामग्रीको छनोट गरी शिक्षण गर्नुपर्ने हुन्छ ।

*अनुसन्धान तहका लागि सुझाव*

यो शोधकार्यले आगमी दिनुहरूमा अनुसन्धान कर्तालाई समेत शोधकार्यमा सहयोग गर्ने गर्दछ । यस शोधकार्यले कक्षा १० को रूपक विधा पाठ्यक्रम अनुरूप छन् छैनन्, यसले विद्यार्थीको शैक्षिक तथा मनोवैज्ञानिक पक्षको विकासमा कस्तो सहयोग पुऱ्याउँछ जस्ता विषयमा सहयोग पुऱ्याई विभिन्न शोधहरू गर्न सहयोग गर्नेछ । माध्यमिक तह कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधा सम्बन्धी भावी अध्ययनका लागि शोध शीर्षकहरू निम्न रहेका छन् :

१. शिक्षणीय प्रयोजनका दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त रूपकका पाठहरूको विश्लेषणात्मक अध्ययन,

२. कक्षा १० को नेपाली पाठ्यपुस्तकमा रहेका रूपक विधाको नमुना अभ्यासको अध्ययन,

३. भाषाशैलीका आधारमा कक्षा १० को पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको अध्ययन,

४. कक्षा १० को नेपाली पाठ्यपुस्तकमा रहेको रूपक विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन,

५. कक्षा १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त रूपक विधाका अभ्यासको अध्ययन ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०३९), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

गौतम, दुर्गाप्रसाद (२०६५), *कक्षा ७ को हाम्रो नेपाली किताब र मेरो नेपाली माला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन* (अप्रकाशित शोधपत्र), सुकुना बहुमुखी क्याम्पस ।

*नेपाली कक्षा १०* (२०७४) नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र, जनक शिक्षा, सामग्री केन्द्र लिमिटेड ।

नेपाली, निधिबहादुर (२०७०), *भाषिक सीप शिक्षणका दृष्टिले माध्यमिक तहमा समाविष्ट रूपक विधाको अध्ययन* (अप्रकाशित शोधपत्र), सुकुना बहुमुखी क्याम्पस ।

*नेपाली कक्षा -१०* (२०७४), नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र ।

पण्डित, रामकल (२०६१), *कक्षा ३ को मेरो नेपाली किताब र सजिलो नेपाली मालामा प्रयुक्त शब्दभण्डारको तुलनात्मक अध्ययन* (अप्रकाशित शोधपत्र), त्रि.वि. ।

पौडेल, नेत्रप्रसाद (२०६९), *नेपाली भाषा विज्ञान,* पैरवी प्रकाशन ।

पौडेल, रामप्रसाद (२०६१), *माध्यमिक तहमा पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र हालको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको अध्ययन* (अप्रकाशित शोधपत्र), महेन्द्र रत्न क्याम्पस ।

पौडेल, नवराज (२०६८), *कक्षा ६ को हाम्रो नेपाली किताब र सजिलो नेपाली माला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन* (अप्रकाशित शोधपत्र), सुकुना बहुमुखी क्याम्पस ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६३), *माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,* तलेजु प्रकाशन ।

भण्डारी लीलादेवी (२०६८), *कक्षा ६ का हाम्रो नेपाली किताब र नयाँ नेपाली श्रृङ्खला भित्र समाविष्ट रूपकहरूको अध्ययन* (अप्रकाशित शोधपत्र), सुकुना बहुमुखी क्याम्पस ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *नेपाली नाटक, एकाङ्की र निबन्ध,* विद्यार्थी पुस्तक भण्डार ।

*माध्यमिक शिक्षा पाठ्यक्रम* (२०६४), नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र ।

*माध्यमिक शिक्षा पाठ्यक्रम* (२०७१), नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र ।

रिजाल, हरिमाया (२०७२), *कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको अध्ययन* (अप्रकाशित शोध), सुकुना बहुमुखी क्याम्पस ।